https://twitter.com/suchanaayog
https://www.facebook.com/rtinepal

# सूचना मेरो अधिकार

वर्ष २ । अंक ४ । वैशाख-असार २०७९

Quarterly RTI News Bulletin

# सूचना दिँदा राज्य कमजोर हुन्छ भन्ने सोच गलत : उपराष्ट्रपति पुन




सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनले सूचनाको हकको प्रभावकारी कार्यान्वयन भए मात्रै राज्य र जनता सुसूचित हुन सक्ने बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगको १५ औं स्थापना दिवसका अवसरमा आयोगद्वारा बैशाख २२ गते काठमाडौंमा आयोजित कार्यक्रमका अवसरमा उपराष्ट्रपति पुनले सो कुरा बताउनु भएको हो । सूचनाको उज्यालोबाट मात्रै सुशासन र दिगो आर्थिक विकाससहितको समृद्धि हासिल गर्न सकिने बताउँदै उपराष्ट्रपति पुनले भन्नुभयो, 'आजको युग सूचना प्रविधिको युग हो । आजको विश्वमा सूचनामा त्यस्तो शक्ति छ- जुन शक्ति अरूसँग तुलनै हुन सक्दैन । जुन राष्ट्रसँग सूचना छ- त्यो राष्ट्र शक्तिशाली हुन्छ । जुन राज्यले सूचना दिएर आफ्ना नागरिकलाई सुसूचित बनाउँछ- त्यो राष्ट्रमा नै सुशासन हुन्छ, लोकतन्त्र फस्टाउँछ र जनता सम्बृद्ध हुन्छन् ।'

उपराष्ट्रपति पुनले अगाडि भन्नुभयो, 'नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायतका ऐन कानून हामीसँग छन् । २०४७ को संविधानमा पनि सूचनाको हकको व्यवस्था गरिएको थियो तर त्यसबेला कार्यान्वयन पक्ष कमजोर थियो । २०६५ सालमा राष्ट्रिय सूचना आयोग स्थापना भएपछि सूचनाको हक लागू भएको छ ।

जबसम्म राज्यका निकायले गर्ने सार्वजनिक महत्वको कामका बारेमा जनताले सूचना पाउँदैनन्, राज्य लोकतान्त्रिक पद्धतिमा नचल्ने मात्रै होइन, जनताप्रति जवाफदेही र जिम्मेवार पनि हुन सक्दैन् । लोकतन्त्रमा नागरिकभन्दा शक्तिशाली अरू हुन सक्दैनन् । यो यथार्थतालाई हृदयङ्गम गरेर राज्यका निकाय सञ्चालित हुनुपर्छ । जनतालाई शक्तिशाली तुल्याउन सबै निकायले आफूसँग रहेको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु पर्छ ।

यदाकदा नागरिकलाई सूचना दिनु हुन्न, नागरिकलाई सूचना दिंदा राज्य कमजोर हुन्छ भन्ने सोच र प्रवृत्ति पनि देखा पर्ने गरेका छन् । त्यस्तो सोच र प्रवृत्ति गलत हो । राज्यका विभिन्न निकायहरूले आफूले गरेका सार्वजनिक महत्व वा अन्य कामको बारेमा आम नागरिकलाई सही सूचना दिंदा मात्रै राज्यप्रति जनविश्वास बढेर जान्छ ।'

राष्ट्रिय सूचना आयोगको गठन भएको छोटै अवधिमा सूचनाको हकको क्षेत्रमा सकारात्मक र आशालाग्दो उपलब्धी हासिल भएको बताउँदै उपराष्ट्रपति पुनले यसमा सूचना आयोगका वर्तमान तथा पूर्व पदाधिकारीहरूको सधै

सहयोग रहेको र भविष्यमा पनि रहनेमा आफू विश्वस्त रहेको धारणा व्यक्त गर्नुभयो ।

आयोग स्थापनाको १५ औं वर्ष प्रवेशका अवसरमा राष्ट्रिय सूचना आयोगले प्राप्त गरेको उपलब्धीका लागि बधाइ दिँदै सम्माननीय उपराष्ट्रपतिले आयोगले आफ्नो काम कारबाहीलाई अझै प्रभावकारी बनाउनु पर्ने र राज्यका निकायलाई पारदर्शी र नागरिकप्रति जवाफदेही बनाउने दिशातर्फ आयोग अझै सक्रियतापूर्वक लाग्नु पर्ने विशेषतः सबै तहका सरकार, विशेष गरी स्थानीय तहका बारेमा विभिन्न कुरा उठ्न गरेका छन् यसतर्फ राष्ट्रिय सूचना आयोगले ध्यान दिनु जरूरी भएको बताउनु भयो ।

संवैधानिक र कानूनी व्यवस्थाभन्दा माथि कोही पनि नभएको, संविधान, ऐन, कानुनको पालना गर्नु सबैको कर्तव्य भएको र सूचनाको हक पूर्ण कार्यान्वयनका लागि नवीन सोच र कार्यक्रमको आवश्यकता रहेको बताउँदै सम्माननीय उपराष्ट्रपति पुनले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगले आफूलाई अझ सशक्त र क्रियाशील बनाई राख्न सकोस् भन्ने शुभकामनासहित आयोगको स्थापना दिवसका अवसरमा धन्यवाद ज्ञापन गर्नुभयो । यो महत्वपूर्ण कार्यक्रममा आमन्त्रण गरेकोमा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त, सूचना आयुक्तहरू, आयोग परिवारलाई हृदयदेखि नै धन्यवाद दिनुभएको थियो ।

सो कार्यक्रमको अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्गले गर्नुभएको थियो । सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीको पनि कार्यक्रममा सहभागिता रहेको थियो । नेपाल सरकारका सचिवहरु हरिप्रसाद मैनाली, आयोगका पूर्व सूचना आयुक्त सविता भण्डारी बराल, विभिन्न सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, दातृ निकायका प्रतिनिधिहरू, विभिन्न निकायका सूचना अधिकारीहरु, सञ्चारकर्मी तथा सूचनाको हकका अभियन्तालगायतको उल्लेख्य सहभागिता रहेको सो कार्यक्रममा आयोगका कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा पुरस्कृत हुनेहरूका तर्फबाट सूचनाको हकका अभियन्ता उमीद वागचन्दले पनि अनुभूतिसहित मन्तव्य राख्नु भएको थियो । आयोगका सचिव भागिरथ पाण्डेयले सहभागीहरूलाई स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन आयोगका उपसचिव सीता निरौला फुयालले गर्नुभएको थियो । ◆

# प्रमुख सूचना आयुक्त गुरुङ्गद्वारा सूचना

आयोगको १५ औं स्थापना दिवसको अवसरमा समापन मन्तव्य व्यक्त गर्नु अघि आयोग स्थापनाको १५ औं वर्षमा प्रवेश गरेको अवसरमा उपस्थित सबैमा आयोगका तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले शुभकामना व्यक्त गर्नुभएको थियो । प्रमुख सूचना आयुक्तले समापन मन्तव्यका क्रममा जनआन्दोलन पश्चात पुनर्स्थापित संसद तथा सरकारले जनआन्दोलनको भावना अनुरूप नागरिकलाई बलियो बनाउन र नागरिक अनुगमनको आवश्यकतालाई महसुस गरेर अन्तरिम संविधानमा त्यसलाई कार्यन्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन २०६४ ल्याएको र २०६५ मायस आयोगको स्थापना भएको, सुशासन, जवाफदेहिता, पारदर्शिता, सहभागिताका लागि सूचनाको हक संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको, १३० भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेर कार्यन्वयनमा रहेको भनाइ राख्नु भयो ।

अन्तर्राष्ट्रिय रूपम सेप्टेम्बर २८ मा सूचनामा विश्वव्यापी पहुंच सम्वन्धी अन्तर्राष्ट्रिय दिवस, UN Human Rights Declaration Article 19 ,Transparency International report 2020 and 2021, SDG 16.10.2 monitoring and reporting by UNESCO जस्ता सूचनाको हकको क्षेत्रमा अन्तर्राष्ट्रिय उपलब्धिहरू हासिल हुनुका साथै विपदको वेलामा, ठुला ठुला घटनाका क्रममा, सूचनाको विशेष महत्व रहने गर्दछ भन्नु भयो ।

संघियताको सोपानमा नागरिकसंग सवैभन्दा नजिक रहेको स्थानिय तहको निर्वाचन अत्यन्त महत्वपुर्ण कृयाकलाप रहेकोले यसवाट आफूले छानेको प्रतिनिधिले आफ्ना लागि, समाजका लागि, देशका लागि इमान्दारी पूर्वक काम गर्छन भन्ने मान्यताका साथ स्थानीय तहको निर्वाचनलाई ध्यानमा राख्दै सूचनाको हकको महत्व स्वाभाविक रूपमा बढी हुन्छ भन्ने आयोगको विश्वास रहेकोले आयोगले निर्वाचन प्रक्रियामा सही सूचना विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरी त्यसवाट आएका सल्लाह र सुझावलाई समेटी निर्वाचन आयोग, नेपाल सरकारलाई निर्देशन र राजनैतिक दल तथा आम नागरिकलाई आव्हान समेत गरिएको भनाइ व्यक्त गर्नुभयो ।

सूचनाको हक सम्वन्धी कानूनले संविधान तथा कानूनवाट निर्माण भएको सवै निकायलाई सार्वजनिक निकायका रूपमा पारभाषित गरेको छ, यसमा राजनैतिक दलहरू पनि पर्दछन । सूचनाको हक कार्यन्यनका लागि सवैको दायित्व त्यतिकै महत्वपुर्ण रहन्छ । कतिपय जिल्ला तथा स्थानीय तहमा जांदा दुख दिने नियतले सूचना माग गरेको भनाई आउंछ ।सार्वजनिक निकायहरू सूचना दिन स्वतः प्रकाशन गर्न अझै पनि हिचकिचाउंछन । जबकि सूचनाको हक लोकतान्त्रिक पद्दतिका लागि जरूरी छ फेरि कार्यन्वयन गर्न त्यतिकै सजिलो पनि छ त्यसका लागि स्वतः प्रकाशन गर्ने र मागेको सूचना दिने गर्नुपर्दछ ।

गत वर्ष कोभिडका कारण लकडाउन रहंदा रहंदै पनि ७५३ वटा पुनरावेदन आयोगमा परेका थिए । यस वर्षमा हाल सम्म १०४८ वटा पुनरावेदन दर्ता भै सकेका छन भने कूल संख्या ८ हजार नाघीसकेका छ । समयमै यस्ता पुनरावेदन टुंग्याउन आयोग लागिरहेका छ । गत वर्ष ७३ प्रतिशतभन्दा बढी पुनरावेदन स्थानीय तहसंग सम्वन्धित छन ।

> आयोगले सवै सार्वजनिक निकायहरूलाई सूचनाको हक सम्बन्धी कार्यक्रम तथा बजेट ब्यवस्था गर्न अनुरोध गरेको छ, यस अनुरूप कतिपय निकायहरूले वजेट व्यवस्था गरी सूचना अधिकारीलाई सक्षम बनाउने, प्रशिक्षण दिने, सूचनामागकर्तालाई सहज वातावरण दिने जस्ता कार्यहरू भैरहेका छन ।

# प्रवाहमा सहजीकरण र सार्वजनिकीकरणमा जोड




यही वर्ष आयोगले ७ स्थानीय तह र ७ जिल्ला स्तरीय अभिमुखिकरण कार्याक्रम मार्फत सार्वजनिक निकायका प्रमुख र सूचना अधिकारी तथा अन्य सर्वसाधारण नागरिक, संचारकर्मीहरूलाई सूचनाको हकको वारेमा जानकारी दिएको, सवै ठाउंमा आयोग पुग्न संभव नहुने हुंदा एउटा सार्वजनिक निकायका लागि र अर्को सूचना मागकर्ताका लागिसमेत गरी २ वटा सहयोगी पुस्तिका बनाउने कार्य अन्तिम चरणमा पुगेको छ । त्यस्तै राष्ट्रिय सूचना आयोगले आयोगद्वारा सम्पादन भएका विभिन्न क्रियाकलापहरूमा नागरिकको पहुँच सहज होस् भन्ने उद्देश्यका साथ २०७७ कार्तिकदेखि "सूचना मेरो अधिकार" नामको त्रैमासिक बुलेटिन नियमित रूपमा प्रकाशन गरेको छ ।

सूचनादाता संरक्षण सम्बन्धी नियमावलीको मस्यौदा बन्दैछ । यसपटक ४ वटा प्रदेश स्तरीय सार्वजनिक निकायहरूको आर.टि.आइ अडिट शुरू गरिएको छ ।सूचना मागकर्ताको संरक्षण गर्ने व्यवस्था ल्याउन पर्ने वेला आइसकेको छ । नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने ५ वटा सार्वजनिक निकायका पदाधिकारीलाई कारवाही गरिएको थियो भने यस वर्ष अहिलेसम्म ३ जना कार्यालय प्रमुखलाई कारवाही भईसकेको छ । सूचनाको हकसम्बन्धी कानूनको पालना गर्ने/गराउने कानुनी दायित्व र जिम्मेवारी सार्वजनिक निकायको भएको हुँदा नागरिकलाई सूचना माग गर्न र प्राप्त गर्न सहज वातावरण बनाउन रू २५ हजार भन्दा बढीको खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थावाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा भइरहेको व्यवस्थाको प्रभावकारी कार्यन्वयन हुन जरूरी छ ।

आयोगले सवै सार्वजनिक निकायहरूलाई सूचनाको हक सम्बन्धी कार्यक्रम तथा बजेट ब्यवस्था गर्न अनुरोध गरेको छ, यस अनुरूप कतिपय निकायहरूले वजेट व्यवस्था गरी सूचना अधिकारीलाई सक्षम बनाउने, प्रशिक्षण दिने, सूचनामागकर्तालाई सहज वातावरण दिने जस्ता कार्यहरू भैरहेका छन । आयोगको स्थापना दिवसका अवसरमा प्रत्येक वर्षझैं यस वर्ष पनि सूचनाको हकका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने ५ जना अभियन्तालाई विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार, ५ जना सूचना अधिकारीलाई उत्कृष्ट सूचना अधिकारी पुरस्कार र आयोगमा कार्यरत कर्मचारीहरु मध्येवाट ३ जना लाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको र पुरस्कृत हुने सवैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

अन्तमाः महत्वपुर्ण सूचनाको हकको महत्वलाई बुझेरै यस कार्यक्रमको प्रमुख आतिथ्यता सम्माननीय उपराष्ट्रपतिज्यूवाट ग्रहण गरी दिनु भई मन्तव्यका क्रममा महत्वपूर्ण भनाई तथा सुझावहरू राख्नु भएकोमा यी सवैका लागि सम्माननीय उपराष्ट्रपतिज्यु प्रति यस आयोगका तर्फवाट हार्दिक आभार व्यक्त गर्नुभयो । आयोगको आमन्त्रणलाई स्वीकार गरी आयोगको स्थापना दिवस कार्यक्रममा उपस्थित हुनुभएका सम्पुर्ण अतिथिवर्गलाई हार्दिक धन्यवाद दिंदै यसलाई सूचनाको हक कार्यन्वयनमा सबैको प्रतिवद्धताका रूपमा लिएको र कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नु हुने आयोगका कर्मचारी मित्रहरू उपराष्ट्रतिको कार्यालयका सचिवज्यू लगायत सवैलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दै गर्नुहुँदै प्रमुख सूचना आयुक्तज्यूले आफ्नो समापन मन्तव्य राख्नु भएको थियो । ◆

# सूचना आयुक्तहरुको अन्तर्राष्ट्रिय सम्मेलन मेक्सिकोमा सम्पन्न

13th Edition of International Conference of Information Commissioners. "Access to Information, Participation and inclusion in the digital age" भन्ने नाराका साथ National Institute of Transparency, Access to Information, and Personal Data Protection (INAI), Mexico, (Current Chair of ICIC)n] Convention Center Puebla City, Mexico मा आयोजना गरिएको सम्मेलन असार ८ देखि १० गते सम्म (June 22-24) सञ्चालन भएको थियो । उक्त कार्यक्रमको उद्देश्य सूचनाको हकसम्बन्धी असल अभ्यासहरूको अनुभव आदान प्रदान रहेको थियो । उक्त सम्मेलनमा आयोगको तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ र सचिव भागिर पाण्डेको सहभागिता रहेको थियो ।



१. सूचनाको हक सम्बन्धीआयोगहरूको अन्तरराष्ट्रिय संगठन (International Conference of Information Commissioners – ICIC) को १३ औं बार्षिक सम्मेलन अहिले अध्यक्षता गरिरहेको National Institute of Transparency, Access to Information, and Personal Data Protection (INAI), Mexico ले यहि असार ८ देखि १० गते (June 22-24)सम्म मेक्सिकोको Puebla राज्यको Puebla शहरस्थित William O. Jenkins Convention Center मा आयोजना भएको थियो ।

२. कार्यक्रममा विभिन्न देश/प्रदेश र स्थानीय तह अन्तर्गतका सूचना आयोगहरूका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

३. कार्यक्रममा देहायका विषयहरूमा कार्यपत्र प्रस्तुत तथा छलफल भएको थियो । (कार्यक्रमको प्रति यसैसाथ संलग्न छ)

a. The challenges of public information and transparency in the face of the cloud, Artificial Intelligence and blockchain
b. Artificial Intelligence andAlgorithmic Governance in theDigital Age
c. Inclusion of vulnerable groups in theright of access to public information.
d. Public policies for access to information: ideas for innovation
e. Transparency by design as aneffective mean to promote andincrease transparency.
f. Access to information, misinformationand freedom of press in the digitalage.
g. Taking regional needs into account: a view of ATI sub networks andbeyond
h. Capacity building for ATI: Presentation of UNESCO e-training toolother resources

४. सम्मेलनमा गठीत देहाय बमोजिमका कार्यसमुहहरूको प्रगति समिक्षा गरिएको थियो ।

a. Transparency by Design Working Group
b. Training Working Group
c. Gender and Vulnerable People Working Group
d. Law Cases Working Group

५. सम्मेलनमा क्षेत्रिय सञ्जालहरूको छुट्टाछुट्टै बैठक समेत बसेको थियो । खासगरी क्षेत्रीय सञ्जालहरू Oceania, Europe, Africa, Iberoamerica, North America को औपचारिक बैठक बसेको थियो । एशिया क्षेत्रको सञ्जाल बनिनसकेको कारणवाट त्यस्तो सञ्जाल बनाउन आवश्यक रहेको र यसका लागि फिलिपिन्सले प्रस्ताव गरेको Asian Access to Information Alliance का बारेमा छलफल भयो । सबैको सहमति हुन बाँकी रहेकोले यस क्षेत्रका सबै राष्ट्रको यथाशिघ्र सहमति जुटाएर सञ्जाल गठन गर्ने समेत सम्मेलनमा सहमति भएको छ ।

६. प्रस्तुत भएका कार्यपत्र तथा प्यानल छलफलहरूमा नेपालका तर्फवाट पटक पटक विभिन्न सुझाव राख्ने काम भएको थियो ।

७. ICIC को Johannesburg Charter नै यसको मूल कानून भएको र यसमा क्षेत्रीय सञ्जाल रहने वा हुने भनि उल्लेख नभएको हुंदा यसरी सञ्चालनमा रहीरहेका क्षेत्रीय सञ्जालहरूलाई मान्यता प्रदान गर्न र नंया सञ्जालहरू बनाउन पनि सहज हुने गरी Charter मा नै देहाय बमोजिमको व्यवस्था रहने गरी संसोधन हुन नेपालले प्रस्ताव दर्ता गराएको छ ।

- There will be regional networks established as agreed upon by ICIC. Members of ICIC within the geographical boundary of particular region will members of the regional network automatically. ICIC may issue a procedure for the operation of theses networks.

८. सम्मेलनको बैठकले १४ औ सम्मेलन Philippines Freedom of Information

Project Management Office को आयोजनामा फिलिपिन्समा र १५ औं सम्मेलन Office of the Commissioner for Information and Protection of Personal Data of Albania को आयोजनामा अल्वानियामा गर्ने निर्णय समेत गरेको छ ।

९. सम्मेलनमा विभिन्न देशका सूचना आयोगहरूले गरेका कृयाकलाप, सूचनाको हकका क्षेत्रमा भए गरेका नंया प्रयोगहरू, सूचनाको हकलाई थप प्रभावकारी बनाउन संयुक्त रूपमा गर्न सकिने कामहरू, प्रविधिको विकासले ल्याएका अवसर तथा चुनौतिहरू, युनेस्कोको भुमिकाका वारेमा व्यापक रूपमा छलफल भएको थियो । कोरोना महामारीका कारण सन २०२० मा हुन नसकेको सम्मेलन र सन २०२१ म सम्पन्न भएको भर्चुअल बैठकका कारण प्रत्यक्ष रूपमा छलपल तथा विचारको आदान प्रदान गर्ने अवसर यस सम्मेलनले उपलब्ध गराएको सवैको ठहर रहेको थियो । यस संगठनलाई सशक्त बनाउंदै लोकतन्त्रको आधारशिलाको रूपमा रहेको सूचनाको हकमा सवैको एकस्वर हुनुपर्ने बुझाई रहेको छ । साथै दिगो विकास लक्ष्यमा रहेको सुचकाक्ष १६.१०.२ हासिल गर्न थप र संयुक्त प्रयास गर्ने पनि सहमति भएको छ ।

१०. सम्मेलन उपलब्धिमूलक रहेको थियो । सम्मेलनवाट सिक्ने र सिकाउने तथा नंया अवसरहरूसंग परिचित हुने अवसर पनि मिलेको छ ।

११ नेपालले सूचनाको हक कार्यान्वयन सम्बन्धमा गरेका असल अभ्यास सो सम्मेलनमा प्रष्ट रूपमा राख्ने कार्य भएकोले प्रजातान्त्रिक देशले नागरिकको सूचना माग्ने र प्राप्त गर्ने अधिकारलाई अन्तराष्ट्रिय मन्चमा उजागर गरेको छ ।

१२ नेपालका तर्फबाट सम्मेलनमा नेपाललाई दीर्घकालिन असर पर्ने कुनै प्रतिवद्धता व्यक्त गरिएको छैन । तर नेपालले यस संगठनमा देखाएको सकृयताबाट यसको नेतृत्व लिन सक्ने संभावना प्रवल देखिन्छ । यसका लागि नेपाल सरकारको सहमति तथा श्रोत साधनको व्यवस्था हुन आवश्यक हुन्छ । यसको स्थायी कार्यालय नभएको हुंदा अध्यक्षता गर्ने देशले एक वर्ष सम्म सचिवालयको कार्य र सम्मेलनको आयोजना गर्नु पर्ने हुन्छ । यसबाट नेपाललाई आर्थिक तथा कुटनैतिक रूपमा फाइदा हुने देखिन्छ । ◆

# ‘सूचनाको हकसम्बन्धी प्रादेशिक कानुन आवश्यक’



सूचनाको हकसम्बन्धी कानुन निर्माण र प्रादेशिक सूचना आयोग गठन हुनु पर्ने विषयमा आफू सकारात्मक भएको लुम्बिनी प्रदेशका सभामुख माननीय पूर्ण घर्तीले बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीसँग २०७९ बैशाख २३ गते बुटवलस्थित प्रदेश सभामुखको निवासमा भएको छलफलका क्रममा लुम्बिनी प्रदेशका सभामुख माननीय पूर्ण घर्तीले सूचनाको हकसम्बन्धी प्रादेशिक कानुन बनाउन आफ्नो तर्फबाट सहयोग हुने बताउनु भएको हो ।

सो भेटघाटका क्रममा सूचना आयुक्त मैनालीबाट सुशासनका लागि सूचनाको हकको महत्व र यसमा राष्ट्रिय सूचना आयोगबाट भएका पहलबारे सभामुख घर्तीलाई जानकारी दिइएको थियो । सूचनाको हकको प्रयोग र प्रचलन तथा नेपाली नागरिकका लागि संवैधानिक रूपमा व्यवस्था गरिएको सूचनाको हकको कार्यान्वयनले सुशासन कायम गर्नका लागि उल्लेख्य भूमिका निर्वाह गर्न सक्ने बताउँदै सूचना आयुक्त मैनालीले सूचनाको हकसम्बन्धी प्रादेशिक कानुन निर्माण हुन नसकेकोले त्यसका लागि आवश्यक पहल गर्न सभामुख घर्तीलाई आग्रह गर्नु भयो ।

सूचनाको हकम्बन्धी प्रोदेशिक कानुन बनाउन अथवा राष्ट्रिय सूचना आयोगको प्रादेशिक कार्यालय स्थापनामध्ये कुनै एक विकल्पका लागि आफ्नो तर्फबाट सकारात्मक पहल हुने बताउँदै सभामुख माननीय पूर्ण घर्तीले सुशासन कायम हुन सकेमात्र लामो सङ्घर्ष र बलिदानबाट प्राप्त भएको राजनैतिक परिवर्तन संस्थागत हुनसक्नेमा आफू विश्वस्त रहेको बताउनु भयो । देश संघीय प्रणालीको पूर्ण कार्यान्वयनमा गइसकेको अवस्थामा प्रादेशिक सूचना आयोग स्थापना हुनु पर्ने आफ्नो धारणा रहेको बताउँदै सुशासनका लागि सूचनाको हक अपरिहार्य भएकोले त्यसका लागि आवश्यक कानुन प्रदेशस्तरमा पनि निर्माण हुनेमा आफू विश्वस्त रहेको सभामुख घर्तीले बताउनु भयो ।

नेपालको संविधान २०७२ मा सूचनाको हकलाई नागरिकको विशिष्ट मौलिक हकका रूपमा उल्लेख गरिएको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा रहेको जानकारी सभामुख माननीय पूर्ण घर्तीलाई गराउँदै सूचना आयुक्त मैनालीले नागरिकको विशिष्ट संवैधानिक हकका रूपमा स्थापित हक सूचनाको हकको कार्यान्वयनलाई प्रादेशिक स्तरमा अझै सहज बनाउन आवश्यक कानुनी तथा व्यावहारिक पहलका लागि लुम्बिनी प्रदेशका सभामुख माननीय पूर्ण घर्तीलाई आग्रह गर्नुभयो ।

सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट सूचनाको हकसम्बन्धी कानुनी प्रावधान, यसको महत्व, अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यास तथा सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगबाट भएका कार्यहरूबारे लुम्बिनी प्रदेशका माननीय सभामुख पूर्ण घर्तीलाई जानकारी गराउँदै सूचनाको हकसम्बन्धी कानुन निर्माणका लागि देखाइएको चासोका लागि धन्यवाद ज्ञापन भयो । ◆

# उत्कृष्ट कर्मचारी, सूचना अधिकारी र सूचनाको हकका अभियन्ता पुरस्कृत




सूचनाको माग र प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याई सुशासनको अनुभूति दिलाउन सहयोग गर्ने माग पक्षको रूपमा रहेका सूचनाको हकका ५ जना अभियन्ता, आपूर्ति पक्षको रूपमा रहेका सार्वजनिक निकायका ५ जना सूचना अधिकारी र आयोगमै रही उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीहरूलाई सम्माननीय उपराष्ट्रपतिज्यू द्वारा पुरस्कारसहित कदर पत्रले सम्मानित गरिएको थियो । पुरस्कृत हुने व्यक्तिहरूको नामावली निम्नानुसार रहेको छ :

आयोगमा रही उत्कृष्ट काम गरे वापत पुरस्कृत हुने कर्मचारीमा उपसचिव विश्ववन्धु पौडेल, शाखा अधिकृत डिल्लीराम भट्ट र नायव सुव्वा हेमन्त रिज्याल हुनुहुन्छ । उत्कृट सूचना अधिकारी पुरस्कारवाट पुरस्कृत हुने सूचना अधिकारीहरूमा ई .निर्मल लामा, सूचना प्रविधि अधिकृत छैटौं, कमलामाई न.पा. सिन्धुली, दुर्गा प्रसाद आचार्य, नायव सुब्बा, जिल्ला समन्वय समिति,वाग्लुङ, राजु अर्याल, अधिकृत छैटौं,यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, सत्य नारायण हुजदार ,अधिकृत छैटौं,चौदण्डीगढी, न.पा.,उदयपुर, गोकर्णराज वाग्ले,वरिष्ठ अधिकृत, व्यास न.पा., दमौली, तनहुँ रहनु भएको छ ।

त्यस्तै विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारवाट पुरस्कृत हुनेमा उमीद प्रसाद वागचन्द, सुदूरपश्चिम प्रदेश, दुर्गा आचार्य, गण्डकी प्रदेश, कैलाश माझी, मधेश प्रदेश र मनोज रौनियार, बागमती प्रदेश रहनु भएको छ । ◆

## बागलुङ जिल्लास्थित बढीगाड गाउँपालिकाको अनुगमन

सूचनाको हकको कार्यान्वयनको वस्तुगत अवस्थाबारे राष्ट्रिय सूचना आयोगबाट बागलुङ जिल्लास्थित बढिगाढ गाउँपालिकामा गरिएको अनुगमनका क्रममा ती निकायमा सूचना अधिकारी तोकेको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गरेको पाइएको छ ।


त्यस्तै रसुवा जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला हुलाक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, लाङटाङ राष्ट्रिय निकुञ्ज, नेपाल टेलिकम, जिल्ला सरकारी वकिल कार्यालय, नेपाल विद्युत प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ तथा जिल्ला निर्वाचन कार्यालयमा अनुगमन कार्य भएको थियो । उल्लेखित सबै निकायहरूले सूचना अधिकारी तोकेको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गरेको पाइयो साथै सूचना अधिकारी तोकेको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्र्त्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गरेको पाइएको छ । ◆

# सूचना आयोगको निर्णय उच्च अदालतद्वारा सदर

राष्ट्रिय सूचना आयोगले गरेको निर्णय उच्च अदालत पाटनले सदर गरेको छ । कपिलवस्तु जिल्ला, महाराजगञ्ज नगरपालिका- ७ ठेगाना भएका शेषनारायण शुक्लका तर्फबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रकको कार्यालय, ढुङ्गेपाटन, कास्कीका सूचना अधिकारी र कार्यालय प्रमुखसँग माग गरेको सूचना प्राप्त गर्न नसकेपछि आफ्नो सरोकारको विषयको सूचना उपलब्ध गराइदिन २०७६ माघ १० गते आयोगमा पुनरावेदन भएको थियो ।

पुनरावेदकबाट २०७० सालमा २००९ ब्याचको बी.बी.ए. प्रोग्रामको छैटौं स्प्रिङ्ग सेमेष्टरअन्तर्गतका विषयको रिटेक परीक्षाको रूपन्देही जिल्लास्थित लुम्बिनी इञ्जिनियरिङ्ग कलेज, भलवारी परीक्षा केन्द्रको परीक्षार्थी हाजिरी रजिष्टरको प्रतिलिपि र उत्तरपुस्तिकाको प्रतिलिपि पाउँ भनी विपक्षी कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखसमक्ष सूचना माग गरिएको थियो । आयोगले पुनरावेदकको माग गरेको सूचना उपलब्ध नगराउनु पर्नाको कुनै कारण भए ७ दिनभित्र लिखित जवाफ पेश गर्न राष्ट्रिय सूचना आयोगको २०७६ फागुन १९ गते बसेको पूर्ण इजलाशले विपक्षी परीक्षा नियन्त्रकको कार्यालय, पोखरा विश्वविद्यालय, कास्कीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा आदेश गरेको थियो । आयोगको आदेशपश्चात् विपक्षी कार्यालयका तर्फबाट पेश गरिएको लिखित जवाफमा पोखरा विश्वविद्यालय परीक्षा सञ्चालन नियमावली, २०५८ को नियम २२ को प्रावधानबमोजिम मिति २०७३ जेठ १४ गतेको परीक्षा समितिको निर्णयबाट धुल्याई नष्ट गरिसकेपछि पुनरावेदकले सूचना माग गरेकोले नष्ट नियमबमोजिम धुल्याई नष्ट गरिएको सूचना उपलब्ध गराउन नसकिने व्यहोरासहितको निर्णयको प्रति राष्ट्रिय सूचना आयोगमा पेश भएको थियो ।

पुनरावेदकले माग गरेको सूचना र त्यसउपर विपक्षी कार्यालयका तर्फबाट पेश गरिएको लिखित जवाफउपर २०७७ फागुन १७ गते बसेको इजलाशले विपक्षी कार्यालयका तर्फबाट पुनरावेदकले माग गरेको सूचना धुल्याइसकेपछि सूचना माग गरेको देखिंदा सूचना उपलब्ध गराउन सम्भव हुने अवस्था नभएकोले आयोगले कुनै आदेश दिन मिल्ने देखिएन तसर्थ सो पुनरावेनको लगत कट्टा गरी सोको जानकारी पुनरावेदकलाई दिन र सोउपर चित्त नबुझे ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न पुनरावेदकलाई जानकारी दिन आदेश गरेको थियो ।



लामो समय व्यतित गरेर सूचनाको हकको अधिकारको मागदावी लिई निवेदन गरेकोमा र सोको जानकारी यी पुनरावेदकलाई दिइसेकको देखिंदा राष्ट्रिय सूचना आयोगबाट भएको निर्णय अन्यथा गरिरहन परेन।

११. अतः माथि उल्लिखित आधार कारणहरु समेतबाट राष्ट्रिय सूचना आयोगबाट मिति २०७७।११।१७ मा भएको आदेश मिलेको देखिंदा उक्त आदेश सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

तपसिल खण्डः

- सरोकारवाला पक्षले प्रस्तुत फैसलाको नक्कल माग गरे उच्च अदालत नियमावली २०७३ को नियम १२० को प्रकृया पुर्‍याई नक्कल दिनू।
- मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १९८(३) बमोजिम प्रस्तुत मुद्दाको फैसला प्रमाणीकरण भएको विवरण यस अदालतको सूचना पाटीमा टाँस गरी वेवसाइडमा समेत राखू ।
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु मिसिल र प्रमाण मिसिलहरु सुरु जिल्ला अदालत पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(डा. नवराज थपलिया)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(श्रीमण कुमार गौतम)
न्यायाधीश

फैसला तयार गर्न सहयोग गर्ने :-
इजलास अधिकृतः नवीन के.सी.
कम्प्युटर अपरेटरः- अनिल कुमार पन्त
इति सम्वत् २०७८ साल पौष महिना १३ गते रोज ३ शुभम्.................................।
प्रमाणीकरण मितिः न्यायाधीश अदालतको छाप

आफूले माग गरेको सूचना प्राप्त नभएको अवस्थामा आयोगले पुनरावेदन नै खारेज गरेकोमा चित्त नबुझी आयोगका आदेशविरूद्ध सूचना उपलब्ध गराइपाऊँ भनी पुनरावेदकबाट २०७८ बैशाख ८ गते उच्च अदालत पाटनमा पुनरावेदन गरिएको थियो । मुद्दा नं. ०७७-मउ-११५९ रहेको सो पुनरावेदनउपर उच्च अदालत पाटनका माननीय न्यायाधीशद्वय श्रीमण कुमार गौतम र डा. नवराज थपलियाको इजलाशले २०७८ पुस १३ फैसला गरेको थियो । फैसलामा राष्ट्रिय सूचना आयोगबाट २०७७ फागुन १७ गते भएको आदेश मिलेको देखिंदा उक्त आदेश सदर हुने ठहर गर्दै आयोगबाट भएको निर्णय अन्यथा गरिरहन परेन भनी उल्लेख गरिएको छ । ◆

## सार्वजनिक सरोकारको सूचना नदिने

# राजपुर नगरपालिकाका कार्यालय प्रमुखलाई १० हजार जरिवाना

सूचना मागकर्ता नागरिकले सार्वजनिक सरोकारको विषयमा माग गरेको सूचना उपलब्ध नगराउने राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख बैजु ठाकुरलाई राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम रू. १०,०००/- (दश हजार) जरिवाना हुने ठहर गरेको छ ।

रौतहट जिल्ला, राजपुर न. पा.- १ निवासी एक्रामुल हकले गरेको पुनरावेदनमाथि सुनुवाइका क्रममा राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुखलाई पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन आयोगले पटक-पटक आदेश र पत्राचार गर्दासमेत सूचना उपलब्ध नगराएकोले राजपुर नगरपालिकाको कार्यालय, रौतहटको कार्यालय, सुनसरीका कार्यालय प्रमुखलाई सो कार्वाही गरिएको आयोगको आदेशमा उल्लेख छ ।

आयोगको २०७९ असार १३ गते बसेको इजलाशले दिएको आदेशमा भनिएको छ, 'नागरिकको संविधानप्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक-पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैरजिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको विकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संविधानप्रदत्त र कानुनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख बैजु ठाकुरलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (दश हजार मात्र) जरिवाना हुने ठहर्छ' ।

साथै सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख बैजु ठाकुरलाई गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, रौतहट प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन तथा राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख बैजु ठाकुरले दिनु पर्ने सूचना बिनाकारण दिन ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो, प्रतिदिन रू. २००/- (दुई सय) का दरले जरिवाना हुने ठहरसमेत आयोगले गरेको छ । ◆

# सूचनाको हक कार्यान्वयनमा संसदीय समितिहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम



राष्ट्रिय सूचना आयोगको आयोजनामा २०७९ जेठ १६ गते सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्ले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथि विकास तथा प्रविधि समितिका माननीय सभापति कल्याणी कुमारी खड्काले गर्नुभएको थियो । उक्त कार्यक्रममा संसदीय समितिका माननीय सदस्यहरू, आयोगका सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, संसद सचिवालयका महासचिव, समितिका सचिवहरू, सञ्चारकर्मी, आयोगका कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि विकास तथा प्रविधि समितिका सभापति कल्याणी कुमारी खड्काले विषयगत समितिहरूले निति निर्माणको क्रममा विभिन्न ऐनहरू निर्माणको क्रममा छलफल चलाउनुपर्ने समितिहरूबाट समय समयमा जारी गरिने निर्देशनहरू कार्यान्वयनको अवस्थाको अनुगमन गर्नु प्रत्येक सभासदको कर्तव्य रहेको बताउनुभयो । नागरिकलाई सूचनाको हकको बारेमा सूसुचीत बनाउन समितिका सदस्यहरूले आ आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्ले राष्ट्रिय सभा र प्रतिनिधि सभाका विभिन्न समितिका सदस्य र कर्मचारीहरूको उपस्थितिका लागि विशेष धन्यवाद दिनुभयो । सूचनाको हकको कार्यान्वयनको लागि आयोगले विभिन्न कार्य गरिरहेको छ । सार्वजनिक निकायका पदाधिकारीले सूचनाको हक कार्यान्वयन नगरेमा आयोगले कारवाही गर्दै आएको, सूचना मागको क्षेत्रगत आधारलाई

# महिला अधिकार प्राप्तिका लागि सूचनाको हक महत्वपूर्ण





हेर्दा सबैभन्दा धेरै सूचना माग स्थानीय तहसँग सम्बन्धीत रहेको बताउनुभयो ।

सूचना आयुक्त रत्नप्रसाद मैनालीले स्वागत मन्तव्यको क्रममा राज्यको चरित्र भनेको नीति नियम कानुन बनाएर त्यसलाई प्रचलनमा ल्याउनु रहेको उल्लेख गर्दै जननिर्वाचित विधायिकाबाट विधान निर्माण हुने भएको विधान निर्माणको क्रममा सूचनाको हकसँग बाभि्नने खालका कानुन निर्माण नगरिदिन आग्रह गर्नुभयो ।

संघीय संसदका महासचिव डा. भरतराज गौतमले सूचनाको हकलाई संकुचित गरेर प्रजातन्त्र मजबुत हुन नसक्ने, सूचनाको हकलाई कार्यान्वयन गर्नको लागि संसद बैठकहरू प्रत्यक्ष प्रसारण हुने गरेको, विषयगत समितिले संसदमा प्राप्त भएका प्रतिवेदनउपर छलफल चलाउँदै र प्रतिवेदन नै तयार पारेर सम्बन्धित पक्षलाई बोलाएर छलफल समेत गर्ने गरेको बताउनुभयो । खुल्ला छलफलको क्रममा माननीय सभासद समिना हुसैनले पारदर्शिताको लागि सूचनाको हक कार्यान्वयन गर्न प्रत्येक राजनैतिक दलले आत्मसात् गरेको खण्डमा पारदर्शिता, जवाफदेहितामा अभिवृद्धि हुने बताउनुभयो । माननीय रङ्गमती शाहीले दूरदराजका नागरिकलाई पनि यथार्थ जानकारी दिएमा मात्र राज्यप्रति उनीहरूको विश्वास बढ्ने बताउनुभयो । माननीय झपट रावलले राजनैतिक परिवर्तन भयो तर संस्कार र संस्कृति परिवर्तन नभएको बताउँदै राज्यभित्र सुशासनको अनुभूत गराउनका लागि सूचनाको हक प्रत्येक नेपालीलाई हुनुपर्नेमा जोड दिनुभयो । माननीय यज्ञराज सुनुवारले सूचनाको हक कार्यान्वयनमा भएको कार्यक्रमको प्रसंशा गर्दै थप कार्य गर्नुपर्ने अवस्था रहेको विचार व्यक्त गर्नुभएको थियो । ◆

असार ५ गते तारामण्डल महिला सशक्तीकरण अभियानले महिला सुरक्षा, अधिकार विषयक अन्तरकृया कार्यक्रमको आयोजना गरी लगभग २०० महिलालाई यस विषयमा जानकारी गराएको थियो । सो अवसरमा राष्ट्रिय सूचना आयोगका आयुक्त कमला ओलीले सूचनाको हकको प्रयोग, कार्यान्वयन र कानूनी पक्षको चर्चा गर्दै २१ औं शताब्दीमा मानव जातिलाई सूचनाको हकको आवश्यकता र यसको प्रयोगको वारेमा वताउनु भयो । महिलालाई राज्यले दिएका सुविधाहरू कानूनी पक्षहरू, जवरजस्ती करणी सम्वन्धी कानून, श्रमीक महिलाका तलवभत्ता सम्वन्धी राज्यले गरेको व्यवस्था, कर्जा सुविधा, स्वास्थ्य शिक्षामा दिएको सुविधाहरू थाहा पाउनु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त संस्थाकी अध्यक्ष कुन्ती पोखरेलले उद्यमशिलताको आवश्यकता र महत्वको चर्चा गर्दै सूचनाको हकविना सवै अपाङ्ग हुने वताउनु भएको थियो । कार्यक्रममा राष्ट्रिय महिला आयोगकी सदस्य रेणुदेवी साह, संचारिका समुहकी अध्यक्ष विमला तुम्खेवा, का.म.न.पा. वडा नं. ९ सदस्य सिर्जना भेटवाल, सखी प्रतिष्ठानकी अध्यक्ष मन्जिला अनिल, रा.प्र.पा केन्द्रीय सदस्य सिर्जना रानी वर्मा, रा.प्र.पा. केन्द्रीय सदस्य स्वाती थापाले पनि सूचनाको हक जनतासंग जोडिएको विषय भएकोले यसको प्रयोग गर्नुपर्ने कुरामा जोड दिएका थिए । उक्त कार्यक्रममा प्रमुख अतिथी राष्ट्रिय सूचना आयोगका आयुक्त कमला ओली तथा अभियानकी अध्यक्ष कुन्ती पोखरेलले गर्नु भएको थियो । ◆

## कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम

आयोगको आ.व.२०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयोगका कर्मचारीहरूका लागि क्षमता अभिबृद्धि गर्न दुईवटा विषय विषयहरू सार्वजनिक खरीद व्यवस्थापन सम्बन्धी तालिम र चारपाङ्ग्रे मोटर ड्राइभिङ तालिम सञ्चालन गरिएको थियो । सार्वजनिक खरीद व्यस्थापन सम्बन्धी तालिम २०७९ जेठ ३१ देखि असार २ गतेसम्म आयोगकै सभाहलमा सञ्चालन भएको भने कर्मचारीहरुका लागि कार्यालय समय अघि पछि वा सार्वजनिक विदाको दिन पारेर चारपाङ्ग्रे मोटर ड्राइभिङको सैद्धान्तिक र व्यावहारिक तालिम सञ्चालन गरिएको थियो ।



## कर्मचारीको अवकाश /सरुवा

यस आयोगमा कार्यरत शाखा अधिकृत श्रीकृष्ण खत्रीले घरायसी कारण देखाई दिनुभएको राजीनामा २०७९ बैशाख १ गतेदेखि लागूहुने गरी स्वीकृत भएको थियो भने आयोगका अर्को शाखा अधिकृत प्रदिप कुमार दाहाल मिति २०७९ असार ४ गतेदेखि अनिवार्य अवकाश हुनु भएको थियो । त्यस्तै यस अवधिमा आयोगमा कार्यरत लेखा अधिकृत यज्ञराज उप्रेती उपसचिव (लेखा)मा बढुवा हुनुभई सार्वजनिक खरीद अनुगमन कार्यालयमा सरुवा हुनुभएको थियो ।

# सूचनाको हक महत्वपूर्ण : का.मु. मुख्य न्यायाधीश पुडासैनी




सूचनाको हक कार्यान्वयनमा उच्च अदालतको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम २०७९ असार ३ गते काठमाडौँमा आयोजना गरियो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्को अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत पाटनका का.मु. मुख्य न्यायाधीश महेश प्रसाद पुडासैनी रहनु भएको थियो । कार्यक्रममा उच्च अदालत पाटनका माननीय न्यायाधीशहरू, सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीको पनि सहभागिता रहेको थियो ।

सूचनाको हक कार्यान्वयनमा उच्च

# आयोगको आदेश कार्यान्वयन बारेको अध्ययन प्रतिवेदन तयार

राष्ट्रिय सूचना आयोगको बार्षिक कार्यक्रम अनुसार सूचना आयोगले गरेका आदेशउपर त्यसको कार्यान्वयनको अवस्थाबारे अध्ययन अनुसन्धान प्रतिवेदन तयार पारिएको छ । उक्त अनुसन्धान प्रतिवेदनमा समावेश भएका मुख्य मुख्य उपलब्धीहरू राष्ट्रिय सूचना आयोगले सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा १९ बमोजिम गरेका आदेशहरू र त्यसको प्रभावकारी कार्यान्वयनले डेंगू र विश्वव्यापी रूपमा फैलिएको कोरोना विषाणु बारे आमनागरिकलाई वास्तविक सूचना प्राप्त गरी सचेतना फैलाउनर त्यसबाट सुरक्षित हुन निकै महत्वपूर्ण भुमिका निर्वाह गरेको छ ।यस सिलसिलामा आर्थिक वर्ष २०७५/०७६ मा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा १९ बमोजिम जम्मा २ वटा आदेश जारी भएको थिए । जसअनुसार ऐ.ऐनको प्रकरण (ग) (च) र (छ) बमोजिम डेंगुवाट बच्न आम नागरिकलाई उपयुक्त माध्यमहरूबाट ब्यापक रूपमा तत्काल सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको नाममा मिति

अदालतको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि मा. का.मु मुख्य न्यायाधीश महेश प्रसाद पुडासैनीले सूचनाको हकलाई कार्यान्वयन गर्ने र सूचनाहरू सरोकारवालाहरूसम्म पुऱ्याउने विषयमा सूचनाको हक महत्वपूर्ण रहेको बताउँदै सूचनाको हकको महत्व बुझेर तोकिएको सीमाभित्र रही कार्य गर्नु पर्ने विचार व्यक्त गर्नुभयो । का.मु. मुख्य न्यायाधीश महेश प्रसाद पुडासैनीले उच्च अदालत पाटनका माननीय न्यायाधीशहरूसँग अत्यन्तै सान्दर्भिक अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेकोमा आयोगप्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा उच्च अदालत पाटनका माननीय न्यायाधीश महेश शर्मा पौडेल र आयोगका सूचना आयुक्त कमला ओली थापाबाट सूचनाको हकको कार्यान्वयनमा उच्च अदालतको भूमिका विषयमा छुट्टाछुट्टै कार्यपत्र पेश गरिएको थियो ।

कार्यक्रमकाको अध्यक्षतासमेत गर्नु भएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्ले कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिँदै कार्यक्रमको समापन गर्नु भयो । सूचनाको हक सम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउन मद्दत पुग्ने भएकोले माग पक्षद्धारा माग गरिएका कुनै पनि



> सूचनाको हकका विषयमा जनचेतना अभिवृद्धि गर्न आयोग क्रियाशील रहेको र सूचनाको हक कार्यान्वयनमा उच्च अदालतको भूमिका महत्वपूर्ण रहेको विचार पनि प्रमुख सूचना आयुक्त गुरूङ्ले व्यक्त गर्नुभयो ।

सूचनाहरू दिन आनाकानी गरेमा आयोगमा पुनरावेदन पर्ने र प्रचलित कानुनबमोजिम आयोगले आदेश गर्ने गरेको धारणा प्रमुख सूचना आयुक्त गुरूङ्ले व्यक्त गर्नुभयो । सूचनाको हकका विषयमा जनचेतना अभिवृद्धि गर्न आयोग क्रियाशील रहेको र सूचनाको हक कार्यान्वयनमा उच्च अदालतको भूमिका महत्वपूर्ण रहेको विचार पनि प्रमुख सूचना आयुक्त गुरूङ्ले व्यक्त गर्नुभयो ।

आयोगका सचिव भागिरथ पाण्डेयले सहभागीहरूलाई स्वागत गर्नु भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय सूचना आयोगका उपसचिव सीता निरौलाले गर्नुभएको थियो । कार्यक्रममा आयोगका कर्मचारीहरूको पनि सहभागिता रहेको थियो । ◆

२०७६।०५। २९ गते आदेश जारी भएको थियो भने काठमाण्डौं स्थित विभिन्न १२ वटा ईन्स्योरेन्स कम्पनीहरूको नाममा सूचनाको हक सम्बन्धी ऐन,२०६४को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५को नियम ३ बमोजिम नियमित रूपमा त्यस निकायसंग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्न सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफादफा६ बमोजिम सूचनाअधिकारीको ब्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदनउपर भएको कार्यवाहीको छुटैट्ट अभिलेखमा अध्यावधिक गर्न, सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा १९(ग),(छ) र (ख ) बमोजिम ईन्स्योरेन्स कम्पनीहरूका नाममा आदेश जारी भएकोमा दुवै आदेशहरू शत प्रतिशत कार्यान्वयन भएको पाइएको छ ।

त्यसै गरी आर्थिक वर्ष २०७६/०७७ मा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा १९ का विभिन्न प्रकरणहरू बमोजिम जम्मा ४ वटा आदेशहरू जारी भएका थिए । ती आदेशहरू विशेष गरी कोरोना महामारीबाट बँच्न आम नागरिकलाई छिटोछरितो र भरपर्दो माध्यमबाट सूचना उपलब्ध गराउन, महामारीबाट श्रृजित समस्याहरूको उचित ब्यवस्थापन गर्न र सूचनाको हक सम्बन्धी ऐनका दफा १९ बमोजिम सूचना प्रवाह गर्न प्रधानमन्त्री कार्यालयका मुख्य सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालययका सचिव, कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव,प्रदेश कार्यालयहरू र स्थानीय तहका सार्वजनिक निकायहरूको नाममा जारी गरिएका थिए । उक्त सबै आदेशहरू सम्बधित मन्त्रालय, र सार्वजनिक निकायहरूबाट शत प्रतिशत कार्यान्वयन भएको पाईएको छ ।

आम नागरिकले सार्वजनिक सरोकारका विषयमा सूचना माग गर्नेको मात्रा विस्तारै वढिरहेको पाइएको छ । माथि उल्लेखित निकायहरूमध्ये केहीमा वर्षको १ वा २ जना व्यक्ति मात्र सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार सूचना माग्न आएको र धेरै जसो निकायहरूमा अहिलेसम्म सूचना माग गर्न कुनै पनि नागरिक नगएको पाइएको छ । त्यसैगरी सूचना लिन आउनेको छुट्टै अभिलेख राख्नुपर्ने राष्ट्रिय सूचना आयोगले आदेश जारी गरकोमा जुन निकायमा सूचना माग गर्न आएका छन ती निकायहरूले अभिलेख राखेको पाइएको छ ।

अत: उपयुक्त समयमा उपयुक्त आदेश जारी गरी आमनागरिकको स्वास्थ्य र जिउज्यानको सुरक्षाको लागि राष्ट्रिय सूचना आयोगले निर्वाह गरेको सक्रिय भुमिकाले आयोग प्रशसनिय र उदाहरिण देखिन्छ । ◆

# सूचना दिन झन्झट नमान्न र सूचना प्रवाहलाई व्यवस्थित बनाउन आग्रह

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट २०७९ साल बैशाख २५ गते लुम्बिनी प्रदेश, बर्दिया जिल्लाको गेरूवा गाउँपालिकामा सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे जानकारी लिने र आवश्यक निर्देशन दिने कार्य भयो । गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत विष्णुप्रसाद गुरूङ्ग, नवराज अधिकारी (सूचना अधिकारी तथा शिक्षा शाखा प्रमुख), कुलनारायण चौधरी (प्रशासन अधिकृत), नारायण भण्डारी (स्वास्थ्य शाखा प्रमुख), टंक रोकाय (इञ्जिनियर), भूमिराज घिमिरे (प्राविधिक शाखा प्रमुख), प्रकाश शर्मा (आईटी शाखा प्रमुख)लगायतले सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था र सूचना प्रवाहका विषयमा समस्या र जिज्ञासा राख्नु भएको थियो ।

गेरूवा गाउँपालिकाको कार्यालयमा अन्तरक्रियात्मक रूपमा सम्पन्न भएको सो कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरूङले सूचना उपलब्ध गराउन पालिका तयार भए पनि सरोकार नै नभएका क्षेत्रका व्यक्तिबाट औचित्यपूर्ण नभएका सूचना नियतबश माग गरेर हैरान पारिएको बताउँदै त्यसरी माग गरिएको सूचना दिन बाध्य हुने/नहुनेबारे स्पष्ट हुन नसकिएको बताउनु भयो । कुन तहको जिम्मेवारी भएका कर्मचारीलाई सूचना अधिकारीको जिम्मेवारी दिने विषयमा पनि आफू अलमलमा परेको प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरूङको जिज्ञासा रहेको थियो ।

गेरूवा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नारायण भण्डारीले दुई वर्ष अघिदेखिको बिलभर्पाइ माग भई आउँदा सेवाग्राहीलाई गर्नुपर्ने सेवा प्रवाहमा समस्या आएको बताउँदै सूचना अधिकारी छुट्टै पद हुनुपर्ने सुझाव दिनु भयो । पालिकाका प्रशासन अधिकृत कुलनारायण चौधरीले सूचना मागकर्ताले सबै फाइल माग गरेको बताउँदै त्यसरी माग गरिएको सूचना कसरी दिने ? भन्ने प्रश्न राख्नु भएको थियो ।

इञ्जिनियर टंक रोकायले खरीद तथा निर्माण कार्य कयौं प्रक्रिया पूरा गरेर मात्र टेण्डरमा जाने बताउँदै सूचना मागकर्ताले टेण्डरलगायत सबै प्रक्रियाका सबै कागजात माग गर्दा कुन दिने कुन नदिने भन्ने अन्योल हुने गरेको बताउनु भयो । एकातिर कर्मचारीलाई कार्यालयको गोपनियता कायम राख्नु पर्ने भनिएको हुन्छ अर्कोतिर सूचना मागकर्ताले सबै विषयमा भएका निर्णयका कागजपत्र माग गर्दा दिने र नदिने विषयमा अन्योल रहने रोकायको जिज्ञासा थियो ।

पालिकाका सूचना अधिकारी तथा शिक्षा शाखा प्रमुख नवराज अधिकारीले सूचना मागकर्ताले फोन, हुलाक र इमेलबाट सूचना माग गर्ने गरेको बताउँदै त्यसरी माग गरेको सूचना कार्यालयमा दर्ता प्रक्रिया पूरा गरेर दिने कि नगरीकनै दिने भन्ने अन्योल भएको बताउनु भयो । प्राविधिक शाखाका प्रमुख भूमिराज घिमिरेले सूचना मागकर्ता माग गरेको सूचना धेरै पेज हुने भएकोले कति पेजसम्म निःशुल्क दिनुपर्ने हो भन्नेबारे स्पष्ट नभएकोबारे र आईटी शाखाका प्रमुख प्रकाश शर्माले सूचनाको वर्गीकरण पालिकाले गर्न मिल्ने/नमिल्नेबारे जिज्ञासा राख्नु भएको थियो ।

सहभागीहरूबाट राखिएका जिज्ञासाको जवाफ दिँदै सूचना आयुक्त मैनालीले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको संवैधानिक मौलिक हक भएकोले यसलाई झन्झट वा हैरान नमान्न अनुरोध गर्नुभयो । सूचना माग गरिएको विषयको औचित्यबारे प्रश्न गर्ने कानुनी व्यवस्था नभएको तथा नागरिकले माग गरेकै स्वरूपमा सूचना उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाप्रति सूचना आयुक्त मैनालीले सहभागीहरूको ध्यानाकर्षण गराउनु भयो ।

# मनाङ जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

मनाङ जिल्लास्थित कार्यलयका कार्यालय प्रमुख, सूचना अधिकारी लगायतसँग सूचनाको हक सम्बन्धी अन्तरक्रिया २०७९ जेठ २५ गते जिल्लाको सदरमुकाम चामेमा सम्पन्न भयो । सदरमुकामस्थित कर्मचारी मिलन केन्द्रमा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय प्रमुख यज्ञप्रसाद घले, अतिथि प्रमुख जिल्ला अधिकारी रबिन्द्र प्रसाद आचार्य, आयोगका सचिव भागिरथ पाण्डेय लगायत अन्य कर्मचारीहरू, जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी लगायत नागरिक समाजका प्रतिनिधीहरूको सभागिता रहेको थियो ।

सो कार्यक्रममा मन्तव्य राख्दै जिल्ला प्रशासन कार्यालय मनाङका प्रमुख जिल्ला अधिकारी रविन्द्र प्रसाद आचार्यले सूचनाको हकलाई कार्यान्वयन गर्ने र प्रत्येक सूचनाहरू सरोकारवालाहरू संग पुऱ्याउने विषयमा काम गरिरहेको बताउनु भयो । सूचनाहरू सकेसम्म छिटो छरितो र सर्वसुलभ ढङ्गवाट आम नागरिकको तहसम्म पुऱ्याउन जिल्ला प्रशासन कार्यालय क्रियाशिल रहेको । आयोग, कार्यालय प्रमुख र सूचना अधिकारी आदिको उपस्थितिमा हुने सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम जिल्लामा संचालन गरेकोमा आयोग प्रति आभार व्यक्त गर्नुभयो ।

जिल्ला कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति प्रमुख यज्ञ प्रसाद घलेले सूचनाको हक सम्न्धी कानूनको अध्ययन सबैले गर्नु पर्ने,सूचना अधिकारीले

सूचना अधिकारीको छुट्टै सेवा समूह बनाउन आयोगले नेपाल सरकारलाई सुझाव दिएको उल्लेख गर्दै सूचना आयुक्त मैनालीले स्थानीय निकायले सूचना अधिकारीको क्षमता बृद्धिका लागि आवश्यक तालिम तथा अन्य व्यवस्था गर्न सके उनीहरूलाई प्रोत्साहन हुनसक्ने बताउनु भयो । सूचना मागकर्तालाई माग गरिएको सूचनाको १० पृष्ठसम्म नि:शुल्क उपलब्ध गराउनु पर्ने र एघारौं पृष्ठदेखि प्रतिपृष्ठ ५ रूपैयाँ शुल्क लिन सकिने कानुनी प्रावधान रहेको उल्लेख गर्दै सूचना आयुक्त मैनालीले सार्वजनिक निकायका कार्याय प्रमुखभन्दा सकेसम्म दोस्रो बरियतामा रहेका अधिकारीलाई सूचना अधिकारीको जिम्मेवारी दिनु उपयुक्त हुने व्यावहारिक पक्षबारे चर्चा गर्नुभयो ।

नेपालको संविधानको धारा २७ ले कुनै पनि नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग गर्ने र प्राप्त गर्ने अधिकारको व्यवस्था गरेकोले संविधान र कानुनले गोप्य राख्नु भनेबाहेकका सूचना प्रवाह गर्न कानुनी समस्या नरहेकोले कानुनबमोजिम गोप्य राख्नुपर्नेबाहेकका सूचना प्रवाह निर्धक्कसँग गर्न सूचना आयुक्त मैनालीले आग्रह गर्नुभयो ।

सूचना माग गरिएको निवेदन दर्ता गर्दा त्यस्ता निवेदन अभिलेखबद्ध गर्न मद्दत पुग्ने बताउँदै सूचना आयुक्त मैनालीले इमेल, हुलाक र फ्याक्सबाट पनि सूचना माग गर्न सकिने बताउनु भयो । इमेल, हुलाक वा फ्याक्सबाट माग गरिएको सूचना दर्ता

> सूचना माग गरिएको विषयको औचित्यबारे प्रश्न गर्ने कानुनी व्यवस्था नभएको तथा नागरिकले माग गरेकै स्वरूपमा सूचना उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाप्रति सूचना आयुक्त मैनालीले सहभागीहरूको ध्यानाकर्षण गराउनु भयो ।

गर्दा सम्बन्धित कार्यालयलको कार्यलाई चुस्त बनाउन सजिलो हुने भए पनि दर्ताको प्रक्रियालाई लिएर मागकर्तालाई अलमलमा नपार्न सूचना आयुक्त मैनालीले अनुरोध गर्नुभयो ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ मा सूचना वर्गीकरणको विषय नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा गठित समितले निर्ध्योल गर्नुपर्ने कानुनी व्यवस्था भएकोले त्यस समितिबाहेक अन्यबाट भएको वर्गीकरणले कानुनी मान्यता नपाउने बताउँदै सूचना आयुक्त मैनालीले सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा ३ बमोजिमका प्रावधानलाई मात्र अनुशरण गर्न सकिने धारणा व्यक्त गर्नु भयो ।

नेपालको संविधान २०७२ मा सूचनाको हकलाई नागरिकको विशिष्ट मौलिक हकका रूपमा उल्लेख गरिएको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा रहेको नागरिकको विशिष्ट संवैधानिक हकका रूपमा स्थापित हक सूचनाको हकको कार्यान्वयनलाई अझै सहज बनाउन यो अन्तरक्रिया कार्यक्रमले मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी कानुनी प्रावधान, यसको महत्व, अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यास तथा सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगबाट भएका कार्यहरूबारे सहभागीहरूलाई जानकारी गराउँदै सूचनाको हकको कार्यान्वयन राष्ट्रिय सूचना आयोगको प्रयत्नबाटमात्र सम्भव नभएकोले स्थानीय तहहरूले यसका लागि कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्ने बताउनु भयो ।

गेरूवा गाउँपालिकाको कार्यालयमा अन्तरक्रियात्मक रूपमा सम्पन्न भएको कार्यक्रममा कार्यालयका अधिकांश शाखा प्रमुखलगायतका कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रमबाट सूचना प्रवाहमा भएको अन्योल समाप्त भएको बताउँदै प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरूङगले सूचनाको हकको कार्यान्वयनप्रति प्रतिबद्धता व्यक्त गर्दै महत्वपूर्ण समय र जानकारीका लागि राष्ट्रिय सूचना आयोग र सूचना आयुक्त रत्नप्रसाद मैनालीलाई धन्यवाद दिनु भयो । ◆



माग गरिएका सूचनाहरू दिने । सूचना अधिकारीलाई सेवा सुविधा दिनु पर्ने । सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम जिल्लामा संचालन गरेकोमा आयोग प्रति आभार व्यक्त गर्नुभयो ।

आयोगका सचिव भागिरथ पाण्डेयले सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिदै कार्यक्रमको समापन गर्नु भयो । सूचनाको हक सम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउन मद्दत पुग्ने भएकोले माग पक्षद्वारा माग गरिएका कुनै पनि सूचनाहरू दिन आनाकानी गर्न नहुने । सूचना व्यवस्थित गरेर अभिलेख राख्ने । स्वत:प्रकाशन अनिवार्य गर्ने गर्दा सूचनाको हकका विषयमा जनचेतना अभिवृद्धि भई सुशासन कायम गर्न मद्दत पुग्नेविचार व्यक्त गर्नुभयो ।

राष्ट्रिय सूचना आयोग शाखा अधिकृत डिल्ली राम भट्टले स्वागत मन्तव्यका क्रममा कार्यक्रममा उपस्थित भई स्वागत गर्न पाउँदा अत्यन्त खुशी लागेकोविचार व्यक्त गर्नुभयो र गरिमामय उपस्थितिका लागि आभार व्यक्त गर्दै जिल्ला स्थीत कार्यलयका कार्यालय प्रमुख,सूचना अधिकारी लगायतसंग सूचनाको हक सम्बन्धी विषयक अन्तरक्रिया कार्यक्रममा सहभागिहरूलाई सक्रिय सहभागिताको लागि अनुरोध गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभयो । ◆

# राष्ट्रिय सूचना आयोगद्वारा मतदातालाई- विवेकको मत व्यक्त गर्ने वातावरण बनाउन, सशक्तीकरण गर्न, निर्वाचन प्रक्रियालाई स्वच्छ र मर्यादित बनाउन नेपाल सरकार र

# निर्वाचन आयोगका नामममा आदेश

२०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा नागरिकलाई विवेकको मत व्यक्त गर्नका लागि वातावरण बनाउन आवश्यक पहल गर्न राष्ट्रिय सूचना आयोगले निर्वाचन आयोगका नाममा आदेश गरेको छ । प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ र सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीद्वारा २०७९ बैशाख ५ गते जारी आदेशमा भनिएको छ, 'संघीय गणतान्त्रिक नेपालमा रहेका ७ सय ५३ स्थानीय तहमा दोस्रो अवधिका लागि जनप्रतिनिधि चुन्न २०७९ बैशाख ३० गते निर्वाचन घोषणा भएको छ । यसै सन्दर्भमा निर्वाचनमा मतदातालाई विवेकको मत व्यक्त गर्न सशक्तीकरण गर्ने, निर्वाचन प्रक्रियालाई स्वच्छ र मर्यादित बनाउन, शान्ति सुरक्षाको प्रत्याभूति गराउन, सरकार र राजनीतिक दलहरूलाई बढी जिम्मेवार र जवाफदेही बनाउन, निर्वाचनमा हुने अनुत्पादक खर्चहरूलाई रोक्न, निर्वाचनमा हुने खर्चलाई पारदर्शी बनाउन, गलत र भ्रामक समाचार र सूचनाले पार्ने प्रभावलाई अन्त्य गर्न, संविधानले अपेक्षा गरेको तहगत सरकारको भूमिकालाई प्रभावकारी बनाउनका लागि सक्षम, योग्य, इमान्दार नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने क्षमतावान, समावेशीकरण र लैङगिकताका दृष्टिले समेत उचित जनप्रतिनिधित्वको सुनिश्चितताका  निम्ति नागरिकमा सही सूचना प्रवाह आवश्यक छ। यसका निम्ति संचारमाध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह हुने सूचना र समाचार सही, सत्य, स्वच्छ, व्यक्तिको गोपनीयता संरक्षण, द्वेषपूर्ण अभिव्यक्तिको निषेध, मानवअधिकारप्रतिको सम्मान, निर्वाचन आचारसंहिताको पालना, मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र राष्ट्रिय हित र राष्ट्रिय एकता, सामाजिक सद्भाव जस्ता कुरामा प्रतिकूलता हुन नदिने गरी सजग भई स्वच्छ जनमत निर्माणमा सक्रिय भूमिका आवश्यक छ ।'

आयोगले सूचनाको हकसम्बन्धी कानुनमा भएका प्रावधान, प्रचलित कानूनी व्यवस्था तथा प्राप्त सुझावहरूको आधारमा देहाय बमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ग) र (ङ) अनुसार निर्वाचन आयोगका कार्यालय प्रमुखका नाममा गरेको आदेशका बुँदा निम्नबमोजिम रहेका छन् ।

१. मतदाता शिक्षालाई थप प्रभावकारी र व्यापक बनाउन अधिकतम मतदाता समक्ष

# नागरिक सहभागिता र अधिकतम् पारदर्शिताका लागि

राष्ट्रिय सूचना आयोगले २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमार्फत् निर्वाचित जनप्रतिनिधिहरूलाई बधाई ज्ञापन गर्दै नवनिर्वाचित जनप्रतिनिधिको कार्यकालमा सूचनाको हक कार्यान्वयन अझै प्रभावकारी हुने विश्वास व्यक्त गरेको छ । संघीयताको सबैभन्दा महत्वपूर्ण अङ्गका रूपमा रहेको स्थानीय तहको प्रमुख/अध्यक्षमा निर्वाचित भई आफूले मतदाताहरू समक्ष गरेका प्रतिबद्धता तथा प्रचलित कानूनी व्यवस्थाले जिम्मेवार बनाएका विषयहरूको कार्यान्वयन प्रभावकारी रूपमा सञ्चालन गर्ने अवसर नवनिर्वाचित जनप्रतिनिधिलाई प्राप्त प्राप्त भएको उल्लेख गर्दै सार्वभौम नागरिकलाई समृद्ध र अधिकार सम्पन्न बनाउन सूचनाको हकसम्बन्धी व्यवस्थालाई संवैधानिक तथा कानूनी मान्यता प्रदान गरेको स्मरण आयोगले गराएको छ ।

हरेक सार्वजनिक निकाय आफूले गरेको कामको विवरण पारदर्शी रूपमा प्रकाशित गर्नुपर्ने कानूनी दायित्वबाट पछिन नमिल्ने विषय उल्लेख गर्दै आयोगको २०७९ साल जेठ १० गते बसेको बैठकले देहाय बमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम नवनिर्वाचित जनप्रतिनिधिका नाममा आदेश जारी गरेको जनाइएको छ । आयोगद्वारा बुँदागत रूपमा जारी आदेशमा भनिएको छ :

१. स्थानीय तहको कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएका विषय बाहेक अन्य विषय गोप्य नरहने गरी मात्र कानून निर्माण गर्ने गराउने ।
२. कानून तथा नीति निर्माण र बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सर्वसाधारण नागरिकको सहभागिता सुनिश्चित गर्न प्रस्तावित कानून, नीति, बजेट तथा कार्यक्रम उपर खुला छलफल तथा पृष्ठपोषण लिने व्यवस्था गर्ने ।

पुग्ने व्यवस्था मिलाउनु,

२. मतदान के का लागि, मतदानको महत्व, मतदान प्रकृया वारेमा व्यापक प्रचार प्रसार गर्नु गराउनु । यसरी प्रचार प्रसार गर्दा बहुसंख्यक जनसंख्याले बोल्ने मातृभाषामा समेत गर्नु गराउनु,
३. निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधि, आचारसंहिताका आधारभूत कुराहरु मतदाता र सम्बन्धित पक्षहरूलाई समयमै सुसूचित गर्नु गराउनु,
४. निर्वाचनमा राजनीतिक दलहरूले बनाएका उम्मेदवारहरूको पृष्ठभूमि, उनीहरूलाई उम्मेदवार बनाउनुको कारण सहितको विवरण राजनीतिक दलहरूले समयमा नै जनतालाई सुसूचित गर्नुलगाउनु,
५. लैङ्गिकता र समावेशीकरणको सिद्धान्तका आधारमा निर्वाचनमा उम्मेदवार बनाउँदा राजनीतिक दलहरूले के कति हदसम्म यस सिद्धान्तलाई अवलम्बन गरेका छन् भन्ने कुरा जनतामा सुसूचित गराउन लगाउनु,
६. सहज र भयरहित मतदान गर्न गरिएको निर्वाचन व्यवस्थापन र सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा मतदातालाई आस्वस्त हुनेगरी सुसूचित गर्नु गराउनु,
७. सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, तथा मुस्लिम, उत्पीडीत वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्तिहरूमा निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना पुग्ने सुनिश्चितता गर्नु,
८. निर्वाचनमा स्वच्छता कायम राख्न र निर्वाचनमा हुने अनुत्पादक खर्चलाई नियन्त्रण गरी निर्वाचनलाई मर्यादित बनाउन राजनीतिक दलहरूले संकलन गरेको आर्थिक कोषको स्रोत र खर्चका विवरणहरु सही सत्य र यथार्थ जनतालाई समय मै सूचित गर्न लगाउनु,
९. नेपालको संविधानले व्यवस्था गरेको नेपाली नागरिकको सूचनाको हकमाथि निर्वाचनका क्रममा कुनैपनि तवरबाट अतिक्रमण नहुने व्यवस्था मिलाउनु,
१०. मतदान गर्नु अघि मतदान गर्ने नागरिकलले मतदाता सूचीमा आफ्नो नाम भए/नभएको एकीन गर्नका लागि निर्वाचन आयोगको वेवसाईटमा मतदाता नामावली अद्यावधिक गर्नु,
११. निर्वाचनसम्बन्धी सामग्रीहरूको बन्दोबस्त, मानव स्रोतको व्यवस्थापन, आर्थिक अनुशासन, आचारसंहिताको पालना र उल्लंघनका घटना, निर्वाचन पर्यवेक्षकको व्यवस्थापन लगायतका निर्वाचनसँग सम्बन्धित विविध पक्षको सही सूचना समय मै जनतासमक्ष प्रवाह गर्नु गराउनु,
१२. निर्वाचन आयोगको वेवसाइट तथा सामाजिक संजाल नियमित रूपमा अद्यावधिक गर्नु गराउनु,
१३. मिथ्या, भ्रमपूर्ण, गलत सूचना नियन्त्रण गर्न नेपाल सरकार तथा नियामक निकायहरु सँग समन्वय गर्नु गराउनु,
१४. सबै मतदातासँग आयोगको वेवसाइटमा पहुँच नहुन सक्छ । तसर्थ, निर्वाचनमा भाग लिएका प्रत्येक राजनीतिक दल वा तिनका प्रतिनिधिहरूलाई प्रत्येक बुथमा सम्बन्धित क्षेत्रमा मतदाताको विवरण संलग्न मतदाता नामावलीको एक प्रति संलग्न कपी निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनु,
१५. निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रदान गरेको सूचना माग्ने र पाउने हक प्रति सचेत रहने व्यवस्था मिलाउनु ।

यसै सन्दर्भमा आयोगद्वारा सोही मितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिवका नाममा पनि आदेश जारी गरिएको छ । सो आदेशमा भनिएको छ :

१. निर्वाचनलाई स्वच्छ, निस्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गर्न गराउन नेपाल सरकारका सम्बद्ध निकायहरूको महत्वपूर्ण जिम्मेवारी रहने आयोगको ठहर रहेको छ ।
२. निर्वाचनका सन्दर्भमा सार्वजनिक निकायहरूले जारी गर्ने सूचना समय मै सबै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्नु गराउनू,
३. मिथ्या, गलत, भ्रमपुर्ण सूचनाहरूउपर निगरानी राख्न नियमनकारी निकायहरूलाई सक्रिय बनाउनु,
४. नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने संवैधानिक हक निर्वाचनका क्रममा थप महत्वपूर्ण हुने हुँदा सार्वजनिक निकायहरूलाई सूचनाको हकप्रति संवेदनशील रहन सचेत गर्नु गराउनू । ◆

# जनप्रतिनिधिलाई आयोगको आह्वान

३. स्थानीय तहमा रहेका नगर/गाउँसम्म, कार्यपालिका, वडा समितिले गरेका निर्णयहरू तत्काल स्थानीय तहको वेबसाइट, सूचनापाटी, स्थानीय सञ्चार माध्यम लगायतको माध्यम अपनाई सार्वजनिक गर्ने ।
४. स्थानीय तहको खर्चको विवरण मासिक रूपमा सार्वजनिक गर्ने ।
५. स्वीकृत बजेट तथा कार्यक्रम र यस बमोजिम भएको प्रगतिको बारेमा नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
६. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, सुविधा, खर्चलगायतको विवरण मासिक रूपमा सार्वजनिक गर्ने ।
७. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले कानून बमोजिम बुझाएको सम्पत्ति सम्बन्धी विवरण छुट्टै कानून वा निर्णय गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
८. सूचनाको हक कार्यान्वयनका लागि प्रत्येक वर्ष छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने गराउने ।
९. सूचनाको हकसम्बन्धी कानून तथा आयोगका आदेश पालना गर्न लगाउने । ◆

# आयोगमा परेका पुनरावेदन र कार्वाही

राष्ट्रिय सूचना आयोगलाई २०७९ बैशाख १ गतेदेखि २०७९ असार २० गतेसम्म विभिन्न सार्वजनिक निकायका कार्यालय प्रमुखले सूचना उपलब्ध नगराएको भन्दै ४१ वटा नयाँ पुनरावेदन प्राप्त भएका छन् । आयोगले यसबीचमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० (२) बमोजिम ४३, १० (३) (क) बमोजिम २१६, दफा १० (३) (ख) बमोजिम १०६ आदेश गरेको छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३२ बमोजिम सार्वजनिक निकायका एक जना कार्यालय प्रमुखलाई कार्वाही गरेको छ भने नियम ५ उपनियम (६) बमोजिम दुई पुनरावेदन खारेज गरेको छ । ◆

# 'खुला शासन सहकार्यमा सहभागी हुँदा नेपाललाई फाइदा'




राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले खुला शासन पद्धति वा सहकार्यमा सहभागी हुँदा नेपाललाई फाइदा हुने बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगको आयोजनामा पोखरामा २०७९ असार २२ गते आयोजित गण्डकी प्रदेशस्तरीय खुला शासन विषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सो कुरा बताउनु भएको हो ।

सो कार्यक्रमको अध्यक्षतासमेत गर्नुभएका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सूचनाको हक र खुला शासनबीचको अन्तरसम्बन्ध तथा आवश्यकताका बारेमा उल्लेख गर्दै सार्वजनिक निकायहरू पारदर्शी र खुला हुने हो भने सूचनाको हकको आवश्यकता नै नपर्ने विचार व्यक्त गर्नु भएको हो । जनआन्दोलनको सफलतापश्चात् नागरिकलाई बलियो बनाउन सूचनाको हकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था भएको र यसको सदुपयोगमा सबैले सघाउनु पर्ने भन्दै नागरिकले सार्वजनिक निकायमा जुनसुकै सूचना माग्न पाउने हक रहेको हुँदा यसको सम्मान गर्नु पर्ने विचार प्रमुख सूचना आयुक्त गुरूङ्गले राख्नु भयो ।

पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व कायम गर्न सूचनाको हकसम्बन्धी व्यवस्था भएको र सूचना माग गर्दा पत्रिकामा आउँछ कि भन्ने चिन्ता तथा नियतको आशङ्कामा सूचना नदिने गर्न नहुनेमा उहाँले जोड दिनुभयो । सार्वजनिक पद धारण गर्ने क्रममा लिइने गोपनियताको शपथबाट गोपनियता शब्द हटाउन आयोग लागिपरेको र सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन आयोग प्रयासरत रहेको बताउँदै प्रमुख सूचना आयुक्त गुरूङ्गले सूचनाको हकका लागि सबै सार्वजनिक निकायले बजेट तथा कार्यक्रम राखी सूचना अधिकारीलाई सक्षम बनाउँदै जानु पर्ने धारणा व्यक्त गर्नु भयो । सूचनाको हक सम्बन्धी कानुन १ सय ३० भन्दा बढी राष्ट्रमा आइसकेको, दिगो विकास लक्ष्यमा सूचनामा पहुँचसम्बन्धी महत्वपूर्ण सूचकाङ्क रहेको, उपलब्ध गराउनु पर्ने सूचना नदिएमा सार्वजनिक निकायका प्रमुखमाथि कानुनबमोजिम कारवाही हुने व्यवस्था रहेकोबारे प्रमुख सूचना आयुक्त गुरूङ्गले विस्तृत रूपमा बताउनु भयो ।

विश्वमा प्रभावकारी रहेको खुला शासन पद्धति वा सहकार्यमा सहभागी हुँदा नेपाललाई फाइदा हुने र खुला शासन सहकार्यमा प्रदेश तथा स्थानीय तह पनि सहभागी हुन सक्ने व्यवस्था रहेको हुँदा यसतर्फ प्रयास गर्नु राम्रो हुने तथा यसबाट अन्ततोगत्वा हाम्रै नागरिकलाई फाइदा हुने विचार पनि प्रमुख सूचना आयुक्त गुरूङ्गले व्यक्त गर्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीय सभापति रोशनबहादुर गाहा थापाले प्रदेश सरकारका क्रियाकलापहरूलाई पारदर्शी, मितव्ययी र खुला बनाउनेतर्फ नियमित रूपमा कार्य गरिरहेको तर त्यति सहज नभएको विचार व्यक्त गर्नु भयो । सार्वजनिक लेखा समितिले प्रदेशमा हुने अनियमितता तथा बेरूजुका बारेमा नियमित छलफल गरी सुशासन कायम गर्न योगदान पुऱ्याउँदै आएको र खुला शासन पद्धति कायम गर्न सकिएमा राम्रो हुने धारणा राख्दै आयोगलाई महत्वपूर्ण कार्यक्रम राखेकोमा धन्यवाद दिनु भयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल पत्रकार महासंघका पूर्व सभापति तथा फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले विश्वमा भइरहेको परिवर्तन र सुशासनका लागि

अत्यन्त आवश्यक खुला शासन पद्धतिमा जानु पर्ने आवश्यकतामा प्रकाश पार्दै खुला सरकार सहकार्य (Open Government Partnership) का बारेमा विस्तृत रूपमा व्याख्या गर्नु भएको थियो । नेपालको लागि यसको आवश्यकता र यसबाट नेपाललाई हुन सक्ने फाइदाहरूका बारेमा व्याख्या गर्दै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह पनि यसमा सहभागी हुन सक्ने हुँदा त्यसतर्फ लाग्न दाहालले सुझाव राख्नु भएको थियो ।

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव रामप्रसाद आचार्यले मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न प्रवक्ता तोकिएको, सूचना अधिकारीहरू तोकिएको, जनतासँग मुख्यमन्त्री, हेलो मुख्यमन्त्री कक्ष सञ्चालन, स्वतःप्रकाशन हुने गरेको, आवधिक प्रकाशनहरू भइरहेको, सूचनाको हकको कार्यान्वयनलाई प्राथमिकतामा राखिएको विचार व्यक्त गर्नु भएको थियो ।

आयोगका उपसचिव सीता निरौलाले सहभागीहरूलाई स्वागत गर्दै शासन पद्धतिलाई खुला र पारदर्शी बनाउन सूचनाको हकको महत्वपूर्ण भूमिका रहने हुँदा आयोगले खुला शासन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको र यसमा सबैको सक्रिय सहभागिताका लागि अनुरोध गर्नु भएको थियो ।



कार्यक्रममा गण्डकी प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरू, सूचनाको हकसम्बन्धी सञ्जाल कास्की जिल्ला अध्यक्ष यदुनाथ बञ्जारा, सञ्जालका केन्द्रीय उपाध्यक्ष दिपक आचार्य, नेकपा एमाले जिल्ला उपाध्यक्ष तेज नारायण अधिकारी, पत्रकार रोहिन, जनता समाजवादी पार्टी कास्कीका गिरी प्रधान गुरूङ, रामकाजी, मन्त्रालयका सचिव ज्ञानेन्द्र पौडेलले जिज्ञाशा तथा सुझावहरू राख्नु भएको थियो ।

कार्यक्रममा गण्डकी प्रदेशका सार्जजनिक लेखा समितिका सदस्यहरू र सचिव, प्रदेश मन्त्रालयका सचिवहरू, प्रमुख जिल्ला अधिकारी, सूचना अधिकारीहरू, राजनैतिक दलका कास्की जिल्लाका पदाधिकारीहरू, नेपाल पत्रकार महासंघका प्रदेश महासचिव, जिल्ला अध्यक्ष, सूचनाको हकसम्बन्धी सञ्जालका केन्द्रीय उपाध्यक्ष, प्रदेश तथा जिल्ला अध्यक्ष, सूचनाको हकका अभियन्ता तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । ◆

# सूचनाको हकको प्रयोग र प्रबर्द्धनमा जोड

राष्ट्रिय सूचना आयोगको सहयोगमा सूचनाको हकका लागि राष्ट्रिय महासंघले सूचनाको हकका बारेमा अन्तर्क्रियात्मक कार्यक्रम भक्तपुरमा सम्पन्न भयो । असार २० गते सम्पन्न सो कार्यक्रमका सहभागीहरूले सूचनाको हकको प्रयोग प्रबर्द्धनमा जोड दिनु भएको छ । सूचनाको हकको कानुनको व्यावहारिक प्रयोग र प्रबर्द्धनले सूचनाको पहुँच नभएका नागरिकलाई सूचनाको पहुँचसम्म पुऱ्याउन सक्नेमा कार्यक्रममा सहभागीले जोड दिनु भएको छ । सो कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका आयुक्त कमला ओलीले सूचनाको हकको अभियानमा महासंघले खेलेको भूमिकाको चर्चा गर्दै सूचना नदिने सूचना अधिकारीलाई कारवाही भएको बताउँदै आयोगले सूचना माग्न सबैलाई आग्रह गर्नु भएको थियो ।

बरिष्ठ अभियन्ता सूचनाको हकका विज्ञ तारानाथ दाहालले सूचना नमागेसम्म सूचनाको हकको अभियान अगाडि बढ्न नसक्ने भन्दै सहभागीहरूलाई सूचनाको हकका बारे सरल रूपमा बुझाउने प्रयास गर्नु भएको थियो । विभिन्न उदाहरण दिएर प्रस्तुति शुरू गरेका दाहालले सहभागीहरूलाई सूचनाको हक के हो ? यसको प्रयोगले नागरिक र सार्वजनिक निकायलाई हुने फाइदाबारे प्रस्तुतीकरण दिनु भएको थियो । कार्यक्रमका विशेष अतिथि सूचनाको हकका लागि राष्ट्रिय महासघका राष्ट्रिय अध्यक्ष उमीद बागचन्दले सूचनाको हक लोकतन्त्रको प्राण वायु भएकोले यसको प्रयोगले लोकतन्त्र फस्टाउने भन्दै जनताको अनुहारमा खुशी ल्याउने अभियानका रूपमा महासंघले लिएको बताउनु भयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका सचिव राज बिष्टले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष बिपुल पोखेल, नेपाली उपभोक्ता संरक्षण महासंघका अध्यक्ष चन्द्र साउद, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष भारती पाठकले शुभकामना मन्तव्य राख्नु भएको थियो । महासंघका भक्तपुर जिल्ला अध्यक्ष साजन विकको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सूचनाको हकका लागि राष्ट्रिय महासंघ बागमती प्रदेश समितिका अध्यक्ष ताराबहादुर भण्डारी गर्नुभएको थियो । ◆

# खुला सरकार अवधारणा अनिवार्य :
## पूर्णबहादुर घर्ती, सभामुख, लुम्बिनी प्रदेश सभा




लुम्बिनी प्रदेश सभाका सभामुख माननीय पूर्णबहादुर घर्तीले लोकतान्त्रिक प्रणालीमा खुला सरकारको अवधारणा अनिवार्य शर्त बन्नुपर्ने बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगको आयोजनामा भैरहवामा २०७९ असार २४ गते आयोजित लुम्बिनी प्रदेशस्तरीय खुला शासन विषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा आमन्त्रित प्रदेश सभाका सभामुख माननीय घर्तीले संघीयताको आधारलाई जरैदेखि बलियो बनाउन व्यक्तिलाई नभई प्रणालीलाई बलियो बनाउन आवश्यक रहेकोमा जोड दिँदै त्यसका लागि खुला सरकार सहकार्यको अवधारणाले सहयोग पुग्न सक्ने बताउनु भयो ।

खुला सरकार अवधारणा अनुसार सरकारमा नागरिक समाजको पनि साझेदारी हुने भएकोले जिम्मेवार, जवाफदेही र समावेशी समाज निर्माणमा सहयोग पुग्न सक्ने भएकोले अबको शासन प्रणालीलाई जनमुखी बनाउन पनि खुला सरकार सहकार्यतर्फ डोऱ्याउनु पर्नेमा जोड दिनु भयो । सार्वजनिक शक्ति र साधनको प्रयोग जवाफदेही ढङ्गले गराउनु लोकतन्त्रको आधारभूत मान्यता रहेको उल्लेख गर्दै खुला सरकार सहकार्यले मात्रै शक्ति र शासनमा रहेकाहरूलाई जवाफदेही बनाउन सक्ने भएकोले अबको यस्तै प्रणालीको माग नागरिक तहबाट हुन थालेको सभामुख घर्तीले बताउनु भयो ।

लुम्बिनी प्रदेशका कामलाई अधिकतम् पारदर्शी र नागरिकमैत्री बनाउने प्रयासबारे चर्चा गर्दै सभामुख घर्तीले प्रदेश सभामा दर्ता भएका ८० मध्ये ७२ वटा विधेयक पारित भएको तथा ६७ वटा विधेयक प्रमाणीकरण भएको जानकारी गराउनु भयो । प्रदेश सभा बैठकको सम्पूर्ण गतिविधि युट्युव च्यानलबाट तत्काल प्रसारण हुने व्यवस्था गरिएको, वेबसाइटमा अपलोड गर्ने गरिएको तथा सचिवालयका विषयगत समितिहरूले सुशासन, अनुगमन र नियमनका कामलाई व्यवस्थित गर्ने प्रयास गरेको उल्लेख गर्दै सभामुख घर्तीले प्रक्रिया पुऱ्याएर सूचना माग गर्ने नागरिकलाई सहज रूपमा सूचना प्रवाह गरिएको बताउनु भयो । निरङ्कुश र मुट्ठीभर शासकले मात्र सूचना र शासन पद्दतिमा नागरिकको सहज पहुँचलाई अस्वीकार

> खुला सरकार अवधारणा अनुसार सरकारमा नागरिक समाजको पनि साझेदारी हुने भएकोले जिम्मेवार, जवाफदेही र समावेशी समाज निर्माणमा सहयोग पुग्न सक्ने भएकोले अबको शासन प्रणालीलाई जनमुखी बनाउन पनि खुला सरकार सहकार्यतर्फ डोऱ्याउनु पर्नेमा जोड दिनु भयो ।

गर्ने प्रतिबन्ध लगाउने उल्लेख गर्दै सभामुख घर्तीले लोकतान्त्रिक पद्दतिमा नागरिक नै सर्वशक्तिशाली हुने बताउनु भयो ।

जनताको नजिकको सरकार भनेको स्थानीय सरकार भएकोले खुला सरकार सहकार्यको अवधारणा अनुसार जान सके दिगो विकास लक्ष्य हासिल गर्नुका साथै लोकतान्त्रिक प्रणालीलाई पनि बलियो बनाउन सकिने भएकोले नवनिर्वाचित स्थानीय सरकारहरूले यसबारेमा विशेष रूपमा काम गर्नु पर्नेमा सभामुख घर्तीले जोड दिनुभयो ।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा राज्यलाई खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने उल्लेख गरिएकोले राष्ट्रिय सूचना आयोगले सुशासन र पारदर्शिता कायम गर्न मद्दत पुगोस् भन्ने हेतु कार्यक्रम आयोजना गरिएको बताउनु भयो । परिवर्तनका लागि भएका बलिदानीपूर्ण आन्दोलन र क्रान्तिलेमात्र नागरिक अधिकारलाई संवैधानिक र कानुनी रूपमा प्रत्याभूत गरेको बताउँदै सूचना आयुक्त मैनालीले खुला सरकार सहकार्य अवधारणा हाम्रा लागि अनुकूल भए यसलाई आत्मसात् गर्न कञ्जुस्याइँ गर्न नहुने बताउनु भयो ।

राष्ट्रिय सूचना आयोगबाट सम्पादित कार्य तथा सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै सूचना आयुक्त मैनालीले खुला शासन अवधारणा सूचनाको हकभन्दा अझै विकसित भएकोले यसको कार्यान्वयन भएको अवस्थामा सूचनाको हकको महत्व गौण हुन सक्ने बताउनु भयो ।

सूचनाको हकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था कार्यान्वयनका लागि नियामकीय निकायको रूपमा गठित राष्ट्रिय सूचना आयोगले सुशासन र पारदर्शिताका लागि नागरिक सहभागिताको वकालत गर्दै यस्ता कार्यक्रमको आयोजना गर्नु सकारात्मक रहेको बताउँदै सभामुख घर्तीले कार्यक्रमको आयोजनाका लागि राष्ट्रिय सूचना आयोगलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा राज्यलाई खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने उल्लेख गरिएकोले राष्ट्रिय सूचना आयोगले सुशासन र पारदर्शिता कायम गर्न मद्दत पुगोस् भन्ने हेतु कार्यक्रम आयोजना गरिएको बताउनु भयो । परिवर्तनका लागि भएका बलिदानीपूर्ण आन्दोलन र क्रान्तिलेमात्र नागरिक अधिकारलाई संवैधानिक र कानुनी रूपमा प्रत्याभूत गरेको बताउँदै सूचना आयुक्त मैनालीले खुला सरकार सहकार्य अवधारणा हाम्रा लागि अनुकूल भए यसलाई आत्मसात् गर्न कञ्जुस्याइँ गर्न नहुने बताउनु भयो ।

राष्ट्रिय सूचना आयोगबाट सम्पादित कार्य तथा सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै सूचना आयुक्त मैनालीले खुला शासन अवधारणा सूचनाको हकभन्दा अझै विकसित भएकोले यसको कार्यान्वयन भएको अवस्थामा सूचनाको हकको महत्व गौण हुन सक्ने बताउनु भयो ।



नेपाल पत्रकार महासंघका पूर्व सभापति तथा फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले कार्यपत्र पेश गर्दै विश्वमा भइरहेको परिवर्तन र सुशासनका लागि अपरिहार्य मानिएको खुला शासन पद्धतिको सैद्धन्तिक तथा व्यावहारिक पक्षमा प्रकाश पार्नु भएको थियो । खुला सरकार सहकार्य ९इउभल न्यखभचलभलत एबचतलभचकजष्उ० को अवधारणा तथा नेपालका लागि यसको आवश्यकता र यसबाट नेपाललाई हुन सक्ने फाइदाहरूका बारेमासमेत व्याख्या गर्दै संघीय, प्रदेश र स्थानीय तहका सरकार पनि यसमा सहभागी हुन आवश्यक पर्ने तत्व र सुझावसहित दाहालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

> सरकारमा नागरिक समाजको पनि साझेदारी हुने भएकोले जिम्मेवार, जवाफदेही र समावेशी समाज निर्माणमा सहयोग पुग्न सक्ने भएकोले अबको शासन प्रणालीलाई जनमुखी बनाउन पनि खुला सरकार सहकार्यतर्फ डोऱ्याउनु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा लुम्बिनी प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीयहरू रेवतीरमण शर्मा, विष्णु पन्थी, भोजप्रसाद श्रेष्ठ, रमा अर्याल, वैजनाथ कलवार, लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव डिल्लीराम शर्मा, लुम्बिनी प्रदेश सभाका सचिव दुर्लभकुमार पुन मगर, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतका विभिन्न निकायका कर्मचारी, जिल्लास्थित विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश सभापति, सूचनाको हकका लागि राष्ट्रिय महासंघका प्रदेश संयोजक, पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष, सञ्चारकर्मी, सञ्चारिक समूह, सूचनाको हकका अभियन्ता, एनडीआईका प्रतिनिधि, नागरिक समाज तथा समूहका पदाधिकारी तथा सदस्यहरूको उल्लेख्य र सक्रिय सहभागिता रहेको थियो ।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको सभापतित्वमा सम्पन्न सो कार्यक्रमका सहभागीलाई आयोगका उपसचिव विश्ववन्धु पौडेलले स्वागत गर्नुभएको थियो भने आयोगका अधिकृत राजन पाण्डेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ◆

# आयोगका बैठकका निर्णयहरू

**बैठक नं. २६९(३)२९, मिति २०७९।०१।०५**

विषय १ को निर्णय :

- यस आयोगको स्थापना दिवस मनाउनका लागितयारी सम्बन्धमा छलफल भयो । कार्यक्रमका लागि गर्नुपर्ने कार्यहरूको चेकलिष्ट बनाई आवश्यक कार्यहरू समयमै सम्पन्न गर्ने । आयोगको नियमित रूपमा प्रकाशन हुने बुलेटिन समयमै प्रकाशन गर्न आवश्यक कार्य गर्ने ।
- यसै स्थापना दिवसको अवसर पारेर कार्यक्रमका प्रमुख अतिथिज्यूबाट RTI Journal विमोचन गराउने ।

विषय २ को निर्णय :

- सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि तयार भइरहेको सूचनाको हकसम्बन्धी छुट्टाछुट्टै सहयोगी पुस्तिकाको तेस्रो मस्यौदा प्राप्त भएको र अध्ययन गर्ने । आवश्यकता भएमा सुझाव दिने ।

विषय ३ को निर्णय :

- सूचनाको हक कार्यान्वयनको सन्दर्भमा सार्वजनिक निकायहरूमा माग भएको सूचनाको तथ्याङ्क सङ्कलन हुन नसकेको अवस्था छ । यसले गर्दा आयोगमा प्राप्त हुने पुनरावेदन तथा उजुरीका बारेमा मात्र तथ्याङ्क प्रकाशन गर्ने गरिएको छ । यसबाट सूचनाको हकको कार्यान्वयनको यथार्थ अवस्था थाहा पाउन सकिएको छैन । तसर्थ, प्रस्तावित तथ्याङ्क प्रतिवेदनको ढाँचामा आवश्यक परिमार्जनसहित अन्तिम रूप दिने ।

विषय ४ को निर्णय :

- यस आयोगले स्थापना कालदेखि नै विभिन्न सार्वजनिक निकायहरूमा नेपाली नगरिकहरूले निरन्तर सूचना माग गर्दै आएकोमा तथ्याङ्कलाई अभिलेखीकरण गरी राख्नका लागि प्रस्ताव गरिएको ढाँचाउपर विस्तृत छलफल गरी स्वीकृत गरियो ।
- विषय ५ को निर्णय : विविध विषयमा समेत छलफल गरियो ।

**बैठक नं. २७०(३)३० मिति २०७९।०१।१५**

निर्णय

१. राष्ट्रिय सूचना आयोगले सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रोत्साहित तथा उत्साहित बनाउन प्रत्येक वर्ष दिँदै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार, उत्कृष्ट सूचना अधिकारी पुरस्कार र उत्कृष्ट कर्मचारी पुरस्कारका लागि प्राप्त आवेदनहरूको छानवीन गरी सिफारिस समितिले सिफारिस गरेका देहायबमोजिमका व्यक्तिहरूलाई आयोगको १५ औँ स्थापना दिवसका अवसरमा प्रदान गर्न स्वीकृत गर्ने :

१.१ उत्कृष्ट काम गरेबापत पुरस्कृत हुने कर्मचारीहरू

(क) उपसचिव विश्वबन्धु पौडेल
(ख) शाखा अधिकृत डिल्लीराम भट्ट
(ग) नायव सुब्बा हेमन्त रिज्याल

१.२ उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पुरस्कृत हुने सूचना अधिकारीहरू :

(क) ई. निर्मल लामा, कमलामाई न. पा., सिन्धुली
(ख) दुर्गा प्रसाद शर्मा, जिल्ला समन्वय समिति, बाग्लुङ
(ग) राजु अर्याल, यातायात व्यवस्था सेवा कार्यालय, हेटौँडा
(घ) सत्य नारायण हुजदार, चौदण्डीगढी न. पा., उदयपुर
(ङ) गोकर्णराज वाग्ले, व्यास न. पा., दमौली, तनहुँ

१.३ विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट पुरस्कृत हुने अभियन्ताहरू :

(क) उमीद प्रसाद वागचन्द
(ख) दुर्गा आचार्य
(ग) कैलाश माझी
(घ) मनोज रौनियार

२. मिति २०७९ साल बैशाख २२ गते आयोजना गरिने आयोग स्थापना दिवस मनाउने सन्दर्भमा भएका प्रगतिका बारेमा छलफल भयो ।

३. विविध विषयमा छलफल भयो ।

**बैठक नं. २७१(३)३१ मिति २०७९।०२।१०**

निर्णय

१. सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका र सूचना मागकर्ताका लागि तयार गरिएको सहयोगी पुस्तिकामा संलग्न सुझाव संलग्न गर्ने गरी स्वीकृत गर्ने ।

२. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को अनुसूचीमा रहेका ढाँचालाई समयानुकूल परिवर्तन गर्न उपयुक्त हुने देखिएकोले जिल्ला अनुगमन इकाईले प्रतिवेदन गर्ने, प्रदेश अनुगमन इकाईले प्रतिवेदन गर्ने र कार्यान्वयन अनुगमन इकाईले प्रतिवेदन गर्ने संलग्न ढाँचा संशोधन तथा थप गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गर्ने ।

३. सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम गर्ने बारेमा जानकारी भयो ।

४. सातै प्रदेशमा प्रदेशस्तरीय खुला शासन विषयक अन्तरक्रिया कार्यक्रम गर्ने सम्बन्धमा आवश्यक छलफल भयो ।

५. यस आर्थिक वर्षका बाँकी कार्यक्रमहरू समयमित्रै सम्पन्न गर्ने ।

६.१ स्थानीय तहको निर्वाचन सम्पन्न भई अधिकांश स्थानीय तहको मत परिणाम पनि सार्वजनिक भइसकेको अवस्था छ । स्थानीय तहमा निर्वाचित भएर आउने नवनिर्वाचित जनप्रतिनिधिहरूलाई नागरिकप्रति जिम्मेवार, जवाफदेही र पारदर्शी तथा सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्ध हुन आयोगका तर्फबाट स्थानीय तहका प्रमुख/अध्यक्षका नाममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् बधाई तथा शुभकामनाका साथै देहायबमोजम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश जारी गर्ने ।

क. स्थानीय तहको कानुन निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएका विषयबाहेक अन्य विषय गोप्य नरहने गरी मात्र कानुन निर्माण गर्ने गराउने ।

ख. कानुन तथा नीति निर्माण र बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सर्वसाधारण नागरिकको सहभागीता सुनिश्चित गर्न प्रस्तावित कानुन, नीति, बजेट तथा कार्यक्रमउपर खुला छलफल तथा पृष्ठपोषण लिने व्यवस्था गर्ने ।

ग. स्थानीय तहमा रहेका नगर/गाउँसम्म, कार्यपालिका, वडा समितिले गरेका निर्णयहरू तत्काल स्थानीय तहको वेबसाइट, सूचनापाटी, स्थानीय सञ्चार माध्यम लगायतको माध्यम अपनाई सार्वजनिक गर्ने ।

घ. स्थानीय तहको खर्चको विवरण मासिक रूपमा सार्वजनिक गर्ने ।

ङ. स्वीकृत बजेट तथा कार्यक्रम र यस बमोजिम भएको प्रगतिको बारेमा नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

च. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, सुविधा, खर्च लगायतको विवरण मासिक रूपमा सार्वजनिक गर्ने ।

छ. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले कानुन बमोजिम बुझाएको सम्पत्ति सम्बन्धी विवरण छुट्टै कानुन वा निर्णय गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

ज. सूचनाको हक कार्यान्वयनका लागि प्रत्येक वर्ष छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने गराउने ।

झ. सूचनाको हकसम्बन्धी कानुन तथा आयोगका आदेश पालना गर्न लगाउने ।

ञ. स्थानीय तह मातहत रहेका सार्वजनिक निकायलाई सूचनाको हकको अधिकतम प्रचलनका लागि प्रेरित गर्ने । त्यस्ता निकायहरूमा सूचना अधिकारी तोक्न स्वतः प्रकाशन नियमित गर्न तथा ती निकायबाट सम्पादन भएका कार्य र निर्णय सार्वजनिक गर्न आवश्यक पहल गर्ने ।

ट. स्थानीय तह तथा मातहतका निकायमा रहेका सूचना अद्यावधिक गर्न सुरक्षित गर्न तथा सूचना मात्र माग गरेको, माग भएको सूचना उपलब्ध गराएको/नगराएको बारे विवरण अद्यावधिक गर्ने ।

६.२ आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था छ । फेरि प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको हुन्छ । भाडाकै कारण आयोग एक स्थानबाट अर्को स्थानमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ । अहिले पनि आयोग बसिरहेको घरको घरधनीले छोड्न भनेकोले आयोग नयाँ घरको खोजीमा रहेको छ । सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेका कारण सेवा प्रवाहमा बाधा पर्ने गरेको छ भने बर्षेनी ठूलो रकम मासिक रू ३ लाख ६० हजार अर्थात् बर्षको रू ४३ लाख २० हजार भन्दा बढी भाडाका रूपमा खर्च गरिरहनु पर्दा देशका लागि व्ययभार बढ्दै गइरहेको छ । नेपाल सरकारलाई घरभाडा सम्बन्धी व्ययभार घटाउन सकिएमा अन्य उत्पादक क्षेत्रमा खर्च गर्नलाई सघाउ पुग्ने हुन्छ । साथै आयोगलाई पनि स्थायी ठेगाना प्राप्त हुने हुन्छ । अहिले पनि भाडामा बसीरहेको घरधनीले घर छोड्न निवेदन दिएको कारणवाट घरभाडामा उपलब्ध गराउन विज्ञापन गरिएको छ, यसबाट व्ययभार अझ थप हुनसक्ने अवस्था रहेको छ । तसर्थ देहाय बमोजिमको विकल्पहरू सहित पुन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

क. रेडियो नेपालको ललितपुर, भैंसेपाटी स्थित जग्गामा रेडियो नपालको नै स्वामित्व रहने गरी आयोगको भवन बनाई प्रयोग गर्न ४ रोपनी जग्गा उपलब्ध गराउन र भवन निर्माणका लागि आवश्यक बजेटका लागि अर्थ मन्त्रालयमा पहल गर्ने ।

ख. हुलाक प्रशिक्षण केन्द्रको सिंहदरवार दक्षिणमा रहेको जग्गामा प्रशिक्षण केन्द्र र यस आयोगका लागि उपयुक्त हुने भवन निर्माण गर्न अनुमति प्रदान गर्ने र भवन निर्माणका लागि आवश्यक बजेटका लागि अर्थ मन्त्रालयमा पहल गर्ने ।

ग. संघीयता कार्यान्वयन पश्चात् संघीय निकायले गर्ने कार्यहरू प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भई त्यस्तो संघीय निकायको खाली भएको भवन आयोगलाई उपलब्ध गराउने ।

**बैठक नं. २७२(३)३२ मिति २०७९।०२।२५**

निर्णय

१. राष्ट्रिय सूचना आयोगका लागि आर्थिक वर्ष २०७९/८० को बजेटमा नेपाल सरकारबाट रू. ४ करोड ७१ लाख विनियोजित भएको अवगत भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भए बमोजिम यस आयोगको गठन भएको हो । संवैधानिक हकका रूपमा व्यवस्था भएको सूचनाको हकको सम्बर्द्धन र प्रचलन गर्न गराउन यस आयोगले सरोकारवालाहरूसँगको सहकार्यमा वार्षिकरूपमा नीति निर्माण, कार्यालय प्रमुख, सूचना अधिकारी, सांसद, न्यायाधीश, सर्वसाधरण नागरिक, सञ्चारकर्मी लगायतका लागि विविध प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यसैका कारण सूचनाको हक कार्यान्वयनमा सघाउ पुगेको विश्वास छ । यो अवस्थालाई हेर्दा राष्ट्रिय सूचना आयोगलाई प्राप्त हुने बजेटमा बृद्धि हुँदै जानु पर्ने हो । तर विगत आर्थिक वर्ष २०७४/७५ देखि मात्रको पनि विश्लेषण गर्ने हो भने प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजनको आकार घट्दै गइरहेको छ । सम्झनु पर्ने विषय के पनि छ भने प्रशासनिक खर्च बढिरहेको छ । यसबाट घट्दै गइरहेको कूल बजेटमा बढ्दो प्रशासनिक (अनिवार्य खर्च) खर्चका कारण कार्यक्रममा बजेटको भार स्वभाविकरूपमा कम हुने नै भयो । यसबाट आयोगबाट सम्पादन हुनुपर्ने क्रियाकलापमा स्वाभाविक सङ्कुचन आउने अवस्था देखिएको छ । यस विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारको ध्यानाकार्षण गराउने निर्णय गरियो ।

२. सूचना मागकर्ता रूपन्देही जिल्ला, मायादेवी गाउँपालिका- ६ निवासी शशिधर पाण्डेयसमेतको पुनरावेदनउपर सर्वोच्च अदालतको मिति २०७६ असोज ३० को आदेशलाई समेत ध्यानमा राखी यस आयोगबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार सूचना उपलब्ध गराउनू भनी मिति २०७८ फागुन ५ को इजलाशबाट आदेश भएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यालय प्रमुखले सम्मानित सर्वोच्च अदालतमा दिएको रिट नं. २०७८-WO-११३३ को निवेदन दिएको देखिन्छ । उक्त रिट निवेदनमा यस आयोगलाई विपक्षी बनाइएको हुँदा यस आयोगले सम्मानित अदालतमा लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालयमार्फत् पेश गरेको र आयोगका तर्फबाट बहस

गरिदिन समेत महान्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गरेको थियो । तर महान्यायाधिवक्तो कार्यालय, रामशाहपथको च. नं. १६८५ मिति २०७९।०१।१९ को पत्रबाट पुनरावेदक शशिधर पाण्डेको पुनरावेदनको सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, शंकरदास बैरागीले यस आयोग समेतलाई विपक्षी बनाई श्री सर्वोच्च अदालतमा दिएको मुद्दा नं. २०७८-WO-११३३ को रिट निवेदनका सम्बन्धमा Conflict of Interest हुने भएकोले आयोगका तर्फबाट बहसपैरवी गर्न असमर्थ हुने व्यहोराको जानकारी प्राप्त भएको छ । यस अवस्थामा आयोगको तर्फबाट बहसपैरवी गर्नका लागि छुट्टै कानुन व्यवसायी राख्नु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ । यस्तो परिस्थितिका लागि आयोगसमक्ष कुनै बजेटको व्यवस्था छैन । तसर्थ, यसमा कति रकम लाग्छ भनी अहिले नै अनुमान गर्न पनि नसकिने हुँदा, पछि थप लाग्ने भएमा थप रकम माग गर्ने गरी हाललाई सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :

(क) आयोगका लागि आवश्यक पर्ने कानुनी बहसपैरवीका लागि कानुन व्यवसायी राख्न हालका लागि रू. ५ लाख रकम उपलब्ध गराउन सूचना तथा प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारसँग माग गर्ने ।

(ख) सम्मानित सर्वोच्च अदालतलाई रिट नं. २०७८-WO-११३३ को सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट यस आयोगका तर्फबाट बहसपैरवी गर्न असमर्थता प्रकट गरेका कारण आफ्नो छुट्टै कानुन व्यवसायी राख्न लेखी आएकोले सोही प्रयोजनार्थ नेपाल सरकारसँग थप बजेट माग गरेकोले सो बजेटको सुनिश्चितता नहुँदासम्मका लागि पेशीमा नचढाउन हुन महान्यायाधिवक्ताको कार्यालयमार्फत् अनुरोध गर्ने ।

(ग) प्रस्तुत मुद्दाका प्रत्यक्षरूपमा सहभागी हुनुपर्ने बनाउन पर्ने सूचना मागकर्ता पुनरावेदक शशिधर पाण्डेयसमेतलाई पनि जानकारी गराई बहसमा सहभागी गराउँदा मात्र सार्थक हुने देखिएकोले पुनरावेदक शशिधर पाण्डेयसमेतलाई यस मुद्दाका सम्बन्धमा जानकारी गराउन तथा सहभागी गराउन सम्मानित सर्वोच्च अदालतमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् अनुरोध गर्ने ।

३. हाल यस आयोग बार्षिक रू. ४४ लाख २३ हजार २ सय ८४ वार्षिकरूपमा तिर्ने गरी भाडाको भवनमा बसेको छ । हाल बसिरहेको घरका घरधनी श्री संगिता गौतमले घर खाली गरी पाउँ भनी मिति २०७८।१२।०७ गते मा निवेदन दिएको अवस्था छ । यस आयोगका तर्फबाट नेपाल सरकारसमक्ष पनि पटक पटक आवश्यक भवन वा जग्गा उपलब्ध गराई दिन अनुरोध गर्दा पनि हालसम्म उपलब्ध हुन सकेको अवस्था छैन । नयाँ घरका लागि मिति २०७९।०२।०५ गते यस आयोगबाट गोरखापत्र दैनिकमा भएको विज्ञापनमा परेका आवेदनहरूको अध्ययन भइरहेको विषयमा आयोगलाई जानकारी भयो ।

**बैठक नं. २७३(३)३३ मिति २०७९।०३।०५**

निर्णय

१. आयोगको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा आयोगको मिति २०७९।०३।०५ को बैठकबाट प्राप्त सुझाव अनुसार पुनरावेदन शाखाबाट वार्षिक प्रतिवेदन तयारीको कार्यारम्भ गर्ने निर्णय भयो । साथै अन्य शाखाले पनि वार्षिक प्रतिवेदनमा राख्ने विषयहरू तयार गर्दै जाने निर्णय भयो । वार्षिक प्रतिवेदन तयारी गर्न आयोगका आयुक्त श्री रत्नप्रसाद मैनाली र आयोगका सचिवले समन्वय गर्ने ।

२. सूचनाको हक कार्यान्वयनको अवस्थाको जानकारी लिन सूचनाको हकको कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ बमोजिम सिर्जना भएका सूचनाको हक कार्यान्वयन अनुगमन इकाईहरूबाट प्रतिवेदन माग गरी आगामी बैठकमा जानकारी गराउने निर्णय भयो ।

३. आयोगको वार्षिक कार्यक्रम अनुसार प्राप्त हुन आएका प्रतिवेदन आयोगमा जानकारी भयो । प्राप्त प्रतिवेदनमा औँल्याइएका विषय कार्यान्वयन गर्नु पर्ने भएमा योजना शाखाबाट अर्को बैठकमा जानकारी गराउने ।

४. ICIC को तेस्रो वार्षिक सम्मेलनमा सहभागिता जनाउन नेपाल सरकारको मिति २०७९।०२।३१ को निर्णयबाट मेक्सिकोमा जाने टोली प्रमुख श्री महेन्द्रमान गुरूङ्ग र श्री भागिरथ पाण्डेयको मनोनयन भएको जानकारी भयो । एसिया प्रशान्त क्षेत्रमा सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गर्न एसियाली देशकाहरूका सूचना आयोगको क्षेत्रीय संगठन खडा गर्नु पर्ने विषय उठान गर्न सुझाव दिने निर्णय भयो । साथै अन्य आवश्यक विषयहरूमा पनि नेपालको चासो उठाउनु पर्ने सहमति भयो ।

५. आयोग बसिरहेको घरधनीले भाडा बढाउन वा खाली गरिदिन निवेदन दिएको कारणबाट आयोगबाट मिति २०७९।०२।०५ मा सूचना निकालेकोमा प्राप्त आवेदनहरूमा उल्लेखित भवनहरू उपर निर्णय गर्नु अगाडि आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्रत्यक्ष अवलोकन गर्न आवश्यक भएको भनी सचिवालयमा प्राप्त सुझावबमोजिम अवलोकन गर्दा आयोगको कार्यप्रकृति, कार्यप्रक्रिया, सुरक्षासमेतलाई ध्यानमा राख्दा उपलब्ध भवनहरू उपयुक्त नभएको देखिएको हुँदा सचिवालयले कानुनबमोजिम पुनः सूचना निकाली उपयुक्त भवन व्यवस्था गर्न वा भवन सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा गरिएको अनुरोधमा मन्त्रालयसँग थप छलफल गर्न सुझाव दिने । अहिले बसिरहेको घरको भाडा बढाउन संभव हुने अवस्था नरहेको ।

**बैठक नं. २७४(३)३४ मिति २०७९।०३।१९**

निर्णय

१. International Confernce of Information Commissioners' को तेन्हौं अन्तर्राष्ट्रिय सम्मलेनमा भाग लिन नेपालको तर्फबाट प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरूङ्ग र सचिव श्री भागीरथ पाण्डेय मेक्सिकोको Puebla मा यही वल 20-22 मा त्यसतर्फ जानु भएकोमा सम्मेलनको गतिविधिका बारेमा प्रमुख सूचना आयुक्तबाट आयोगमा जानकारी गराउनु भयो । साथै, ICIC बाट प्राप्त Public Statement को विषयमा कुनै Comments भए यही मंगलबारभित्र प्रमुख सूचना आयुक्तसमक्ष पेश गर्ने निर्णय भयो ।

२. फिलिपिन्सको Freedom of Expression Project Management Office, Presidential Communications Operation Office ले प्रस्ताव गरेको Asian Access to Information Alliance (AAIA) को MOU मा यस आयोगको प्रतिक्रिया पठाउने सन्दर्भमा प्राप्त MOU सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सहमति एवम् नेपालको तर्फबाट राष्ट्रिय सूचना आयोगले हस्ताक्षर गर्ने गरी अधिकार उपलब्ध गराउनका लागि लेखी पठाउने निर्णय भयो ।

३. सूचनादाताको संरक्षण सम्बन्धी नियमावलीको प्रस्तावित मस्यौदा, २०७९ मा राय प्रतिक्रिया प्राप्त हुन आयोगको वेबसाइटमा ३० दिनसम्म राख्ने र त्यसपछि नियमानुसार प्रक्रिया अघि बढाउने निर्णय भयो ।

४. सूचनाको हकको कार्यान्वयन अवस्थासम्बन्धी प्राप्त प्रतिवेदनहरु आयुक्तहरूलाई उपलब्ध गराउने र अर्को बैठकमा छलफल गर्ने निर्णय भयो ।

५. अन्य विविध विषयमा छलफल भई अर्को बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय भयो । ◆

# सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदामा सुझाव सङ्‌कलन




सार्वजनिक निकायमा हुने वा हुनसक्ने भ्रष्टाचार र गलत कार्यका बारेमा त्यस्तो निकायमा कार्यरत कर्मचारीले सूचना दिन पर्ने र त्यसरी सूचना दिने सूचनादाताउपर कारवाही हुन सक्ने सम्भावना भएकोले त्यस्तो कर्मचारी वा सूचनादाताको संरक्षण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदाउपर सरोकारवालाहरूको सुझाव सङ्‌कलनका लागि राष्ट्रिय सूचना आयोगले २०७९ बैशाख ९ गते काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रमको अध्यक्षता आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले गर्नु भएको थियो ।

कार्यक्रममा मस्यौदाकार अधिवक्ताले नियमावलीको आवश्यकता, अन्तर्राष्ट्रिय प्रचलन, अन्य कानुनमा भएको व्यवस्थाका बारेमा व्याख्या गर्दै ती सबैको आधारमा नियमावलीको प्रारम्भिक मस्यौदा तयार भएको र सहभागीहरूबाट प्राप्त हुने सुझाव अत्यन्त महत्वपूर्ण हुने बताउँदै मस्यौदामा समेटिएका विषयसहित प्रस्तुतीकरण राख्नु भएको थियो ।

६ परिच्छेदमा राखिएको मस्यौदा नियमावलीउपरको छलफलमा महान्याधिवक्ताको कार्यालयका प्रतिनिधि, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, सूचनाको हकको सञ्जाल महासंघका बागमती प्रदेश प्रमुखलगायतले सुझावहरू राख्नु भएको थियो । कार्यक्रममा आयोगका सूचना आयुक्त कमला ओली थापाले प्रस्तुत नियमावली आवश्यक रहेको र प्राप्त सुझावहरू राखी तयार गरिने विचार व्यक्त गर्नु भयो ।

सो अवसरमा प्रमुख सूचना आयुक्त गुरूङ्गले सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य कार्य तथा अनियमितताका बारेमा सम्बन्धित निकायमा कार्यरत कर्मचारीले जानकारी पाउने सम्भावना बढी हुने भएकोले देशमा सुशासान कायम गर्न तथा भ्रष्टाचार नियन्त्रण गर्न त्यस्ता कर्मचारीले नियमन गर्ने निकायमा सूचना दिई त्यस्तो कार्य रोक्न वा सजाय दिलाउनु पर्ने दायित्व भएको र यस्तो सूचना दिएकोमा त्यस्ता कर्मचारीमाथि कारवाही हुन सक्ने सम्भावनालाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐनले त्यस्ता सूचनादाताको संरक्षणका लागि व्यवस्था गरेको उल्लेख गर्दै ऐनमा रहेको व्यवस्थाको कार्यान्वयनका लागि नियमावली हुँदा बढी सहज र प्रभावकारी हुने विश्वासका साथ आयोगले प्रस्तुत मस्यौदा तयार गर्न लगाएको बताउनु भयो । कार्यक्रम प्राप्त महत्वपूर्ण सुझावहरूवाट मस्यौदालाई परिमार्जन गरी अन्तिम रूप दिइने र त्यसपश्चात नेपाल सरकारसमक्ष पेश हुने जानकारी पनि प्रमुख सूचना आयुक्त गुरूङ्गले दिनु भयो ।

कार्यक्रममा आयोगका सचिव भागीरथ पाण्डेयले सहभागीहरूलाई स्वागत गर्दै नियमावलीको मस्यौदामा सुधार गर्नुपर्ने ठाउँहरू रहेकोले सहभागीहरूबाट रचनात्मक सुझावको अपेक्षा गरिएको बताउनु भयो । कार्यक्रम आयोगका कानुन अधिकृत सन्दिपकुमार अधिकारीले सञ्चालन गर्नु भएको थियो । ◆

# सुशासनका लागि सूचनाको हकको प्रयोग जरुरी : प्रमुख सूचना आयुक्त गुरुङ




राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङले सुशासनका लागि सूचनाको हकको प्रयोग जरुरी रहेको बताउनु भएको छ । 'सूचनाको हक प्रयोग गरेर हरेक नागरिकले सरकारी र सार्वजनिक निकायबाट सूचना प्राप्त गर्न सक्छन्, यो संविधान र कानुनले दिएको अधिकार हो,' पछिल्लो समय नेपालमा पनि सूचनाको हकको प्रयोगमार्फत् सूचना लिने क्रम बढेको बताउँदै गुरूङले भन्नुभयो, 'नागरिकले सूचनाको हकको प्रयोग जति धेरै गरे राज्यलाई त्यत्ति नै जवाफदेही र पारदर्शी बनाउन मद्दत पुऱ्याउँछ ।'

तर, कतिपय सरकारी निकायका सूचना अधिकारी 'सूचना दिएर गोपनीयता भंग हुने' ठान्ने गरेको तर त्यो गलत बुझाइ रहेको उनले बताए । 'सूचनाको हक पढेर लोकसेवा परीक्षा उत्तीर्ण गर्छन् । तर, पछि सूचना दिनुनपरे हुन्थ्योजस्तो ठान्छन्,' गुरूङले अगाडि भन्नुभयो, 'नागरिकले जे र जस्तोसुकै सूचना पनि माग्न पाउँछन् । कुन सूचना दिने र कुन नदिने सार्वजनिक निकायले कानुनबमोजिम गर्ने हो ।' राष्ट्रिय सूचना आयोगको सहयोगमा सूचनाको हकका लागि राष्ट्रिय महासंघ, नेपालले २०७९ असार ५ गते नेपाल बार एशोसियशन सिंहदरबारमा आयोजना गरेको 'सूचनाको हक प्रवर्धन र यसको व्यावहारिक प्रयोग' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख सूचना आयुक्त गुरूङ प्रमुख अतिथिका रूपमा आमन्त्रित हुनुहुन्थ्यो ।

कार्यक्रममा सूचनाको हकका अभियन्ता एवम् नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले सूचनाको हकको कार्यान्वयनमा राज्य प्रणाली उत्तरदायी नरहेको बताउँदै राज्य उत्तरदायी नबन्दासम्म सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन चुनौतीपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो । ' सूचनाको हकको कार्यान्वयनमा राज्यले अपनत्व बोध गर्नुपर्ने बताउँदै सूचना आयोगलाई शासकीय नजरभन्दा पनि नागरिकको साथबाट अगाडि बढ्न दाहालले सुझाव दिनु भयो । शासकले आयोग सशक्त होस् भन्ने नचाहने उल्लेख गर्दै आयोगले नागरिक र अभियानसँग नजिक भएर काम गर्नुपर्नेमा दाहालले जोड दिनुभयो । सूचनाको हकका लागि राष्ट्रिय महासंघ अध्यक्ष उमिद बागचनले सूचनाको हकको व्यावहारिक प्रयोगले राज्यलाई जवाफदेही बनाउन सकिने उल्लेख गर्दै सूचनाको हकको व्यावहारिक प्रयोग बढाउन महासंघको स्थापना भएको बताउनु भयो । सूचनाको हकको प्रबर्द्धनका लागि महासंघ स्थापना भएको बताउँदै २०७८ फागुनमा दर्ता भएको महासंघले ४३ जिल्ला, सात प्रदेश र एक उपत्यका प्रदेशमा समिति बनाइसकेको जानकारी पनि अध्यक्ष बागचनले दिनुभयो ।

# सूचना प्रवाह गर्नु सार्वजनिक निकायको अनिवार्य दायित्व : मैनाली

जिल्ला प्रशासन कार्यालय, काठमाडौंद्वारा जिल्लास्थित सरकारी निकायका सूचना अधिकारीका लागि २०७९ जेठ ५ गते एक अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सूचनाको हकको कानुनी प्रावधान तथा यसको प्रयोगका सम्बन्धमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले प्रस्तुतीकरणसहित मन्तव्य राख्नु भएको थियो ।

सूचना प्रवाहमा सार्वजनिक निकायका पदाधिकारी सुशासन र नागरिक अधिकारप्रति प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै सूचना आयुक्त मैनालीले कानुनको पालना गर्ने दायित्व पनि सर्वप्रथम कानुन पालना गराउने निकायमा रहेकाको हुने बताउनु भयो । सूचनाको हकको प्रयोगले प्राप्त भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय



उपलब्धीको चर्चा गर्दै यसको प्रयोग र प्रचलनलाई प्रोत्साहन गर्न सार्वजनिक निकायका पदाधिकारीले झन्झटको रूपमा नलिई जिम्मेवारीका रूपमा ग्रहण गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा सहभागीका तर्फबाट राखिएका जिज्ञासाको जवाफ पनि दिनु भएको थियो । कार्यक्रममा विशेष आमन्त्रितका रूपमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनाली रहनु भएको थियो । जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजाल, सहायक प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुंगेल, सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी दीपक पौडेल, नेपाल प्रहरीका एसपी दिनेशराज मैनाली, प्रहरी नायव उपरीक्षक बाल नरसिंह राणा, कोलेनिका बबरमहलका कोष नियन्त्रक सुमन मरासिनी, सहायक जिल्ला न्यायाधीवक्ता शिलुका लियेपलगायत सहभागीहरूको उल्लेख्य र सक्रिय सहभागिता रहेको थियो ।

**सम्पादक मण्डल** : रत्नप्रसाद मैनाली (सूचना आयुक्त), भागिरथ पाण्डेय (सचिव), हरिहर कार्की (शाखा अधिकृत)

**सल्लाहकार** : महेन्द्रमान गुरुङ (प्रमुख सूचना आयुक्त), कमला ओली थापा (सूचना आयुक्त)

नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर इन्टरनेशनल अफेर्स एनडीआई/युएसएडसँगको सहकार्यमा

प्रकाशक

राष्ट्रिय सूचना आयोग

देवीनगर-१०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२